का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ जेठ २०८२,
शनिबार
14 June, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १३२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# पेलिए प्रतिपक्षी



जनताका समस्या हल गर्न जिम्मेवार प्रतिपक्षको हैसियतले नेकपा एस, आम जनता पार्टी, नेसपा लगायत विपक्षीहरू सहमतिका साथ अगाडि बढ्न सहमत भएका हौं

- **हितराज पाण्डे**
  **प्रमुख सचेतक**
  **नेकपा माओवादी केन्द्र**



प्रमुख प्रतिपक्षी दल माओवादी आफैंले भिजिट भिसा प्रकरणको एजेन्डामा सत्ता पक्षसँग आत्मसमर्पण गरेर हामीसँग पारपाचुके गरेको छ । मानव तस्करीको नेतृत्व गृह मन्त्रालयले गरिरहेको छ

- **मनिष झा**
  **कार्यबाहक प्रवक्ता**
  **रास्वपा**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

भिजिट भिसा प्रकरणमा गृह मन्त्री रमेश लेखकको राजीनामा मागेर १८ दिनदेखि विपक्षी दलहरुले प्रतिनिधि सभा बैठक अवरुद्ध गर्दै आएका थिए ।

तर प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र सहितका केही विपक्षीहरु अडानबाट पछि हटे । संसदलाई सम्बोधन गर्दै माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले नेकपा एकीकृत समाजवादी, आमजनता पार्टी र नेसपाले अवरोध नगर्ने निर्णय सुनाएका थिए ।

माओवादीले शुक्रबार मात्र सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेसँग लिखित दुई बुँदे सहमति गरेको थियो । यो सहमति पछि बाँकी विपक्षीहरु रास्वपा, राप्रपा लगायतको नाराबाजी बीच सभामुख देवराज घिमिरेले प्रतिनिधि सभा बैठक पेलेरै अगाडि बढाए ।

गत १३ जेठदेखि अवरुद्ध हुँदै आएको संसदका ११ वटा बैठक »» पृष्ठ २ मा

## गृहमन्त्रीको चेतावनी



गृहमन्त्री लेखकले आफूविरुद्ध नक्कली पीडित खडा गरी पार्टी कार्यालयहरूमै कीर्ते जाहेरी दर्ता गर्ने प्रयास भइरहेको भन्दै आपत्ति जनाएका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा बोल्दै गृहमन्त्री लेखकले केही राजनीतिक दलका पार्टी कार्यालयमा तथाकथित नक्कली पीडितलाई बोलाएर आफूविरुद्ध विभिन्न ठाउँमा »» पृष्ठ २ मा

# राष्ट्रिय मुद्दामा मधेश केन्द्रित दल बेखबर

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको संलग्नता रहेको भन्दै विपक्षी दलहरूले २ हप्तासम्म संघीय संसद्को दुवै सदन अवरुद्ध गऱ्यो । यद्यपि सत्ता पक्ष र प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रबीच २ बुँदे सहमति पछि शुक्रबारदेखि संसद सुचारु भएको छ । तर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भने विरोधमै छन् ।

गृहमन्त्रीको राजीनामा र भिजिट भिसामा संसदीय समिति बन्नुपर्ने भन्ने विपक्षीहरूको अडानकाबीच दुई हप्तादेखि लगातार संसद अवरोध रहेको थियो ।

भिजिट भिसा प्रकरणमा देशको सिंगो राजनीति र संसद प्रभावित भइरहेका बेला मधेश केन्द्रित दलहरूले भने यस विषयमा कुनै प्रतिक्रिया दिएका छैनन् । भिजिट भिसा प्रकरणमा देश नै ध्रुवीकृत भएको बेला मधेश केन्द्रित दलहरूको मौनता अर्थपूर्ण छ ।

ती दलका नेताहरू यस विषयको विरोध या समर्थनमा एक शब्द पनि उच्चारण गरेको पाइएको छैन । अर्थात् भिजिट भिसाको विषय उनीहरूको चासो र सरोकारको रहेको छैन कि जस्तो लागेको छ ।



हामी राष्ट्रिय सरोकारका सबै विषयमा बोल्छौं, बोलिरहेका छौं

- **मनीष सुमन**
  **प्रवक्ता**
  **जसपा नेपाल**

कुनै समय राष्ट्रिय राजनीतिमै बलियो प्रभाव जमाएका यी दलहरू भिजिट भिसा प्रकरणमा मात्रै होइन, देशका अन्य समसामयिक र राष्ट्रिय मुद्दाबाट पनि आफूलाई अलग राखेको पाइएको छ ।

एक समय थियो, जब मधेश केन्द्रित दलहरूले सिंगो संसद र राजनीतिलाई प्रभाव पारेका थिए । तर अहिले समय फेरिएको छ । वर्तमान संसदीय अंकगणितमा उनीहरूको सामर्थ्य घटेको छ भने राष्ट्रिय मुद्दाबाट किनाराकृत भएका छन् ।

राजसंस्था पक्षधरहरूले राजसंस्था पुनर्स्थापनाको लागि भन्दै जेठ १५ गतेदेखि आन्दोलनम छन् । यद्यपी उनीहरूको आन्दोलन अहिले फितलो र कमजोर भएको छ । तर राजावादीहरूले सुरु गरेको आन्दोलनले भने राष्ट्रिय राजनीतिलाई पनि तताएको छ ।

राजावादीहरूको आन्दोलनका विषयमा राजनीतिक दल, नागरिक समाज र आम जनता पनि धुव्रीकृत भएका छन् । तर यस विषयमा पनि मधेशी दलहरूको कुनै धारणा र प्रतिक्रिया आएको छैन । व्यक्तिगत रूपमा केही नेताहरूले राजावादी आन्दोलनको विरोध गरे पनि मधेश केन्द्रित दल र उनीहरूले पुनर्जिवित गरेको लोकतान्त्रिक मधेशी मोर्चाको औपचारिक धारणा आएको छैन ।

गत निर्वाचनअघि र पछि पटक-पटक विभाजित भएका ती दलहरूको उपस्थिति राष्ट्रिय मुद्दामा कमजोर हुँदै गएको यी २ घटनाहरूले देखाएको छ । उनीहरू राष्ट्रिय मूलधारका साझा र जनसरोकारका मुद्दाबाट क्रमशः टाढा हुन थालेको विश्लेषकहरू बताउँछन् । यसैको परिणामस्वरूप राष्ट्रिय मुद्दामा राजनीति २ ध्रुवमा विभाजित हुँदासमेत उनीहरू मौनजस्तै देखिएको »» पृष्ठ २ मा

**हेटौंडा सिमेन्टमा बेथिति**

# कवाडीमा सामान बेच्दा पनि कर्मचारीले पाएनन् तलब

**राजकुमार केसी/मध्यान्ह**
मकवानपुर, जेठ ३० ।

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग धरासायी बन्दै गइरहेको अवस्थामा आर्थिक भार कम गर्न उद्योगले रोप-वे बेच्ने निर्णय गऱ्यो ।

मकवानपुरको भीमफेदी गाउँपालिकामा रहेको भैंसे चुनढुंगा खानीदेखि उद्योगसम्म बन्द अवस्थामा रहेका रोप-वे बेचेर उद्योगको आर्थिक भार कम गर्ने उद्देश्यले ७ पुसमा बाराको पिएएस एन्ड सन्स इन्टरप्राइजेजसँग ठेक्का सम्झौता भयो । सोहीअनुसार ठेकेदारले रोप-वेको तार, डिब्बा काट्यो । बाँकी रहेका सामानहरू अहिले पनि ठेकेदारले लगिरहेका छन् ।




उद्योगले करिब १५ करोड रुपैयाँ पर्ने रोप-वेको सामान भ्याटसहित ४ करोड २५ लाखमा रोप-वे बिक्री गर्न सम्झौता गरेको हो ।

यसैबीच हेटौंडा सिमेन्टको भैंसे खानीको चमेना गृह नजिक रहेका २ वटा टिपर (डम्पर) गाडी हराएको छ । थन्केर बसेका गाडी कसले लग्यो उद्योगलाई जानकारी छैन । बरु गाडी चोरी भएको भन्दै उद्योगले जिल्ला प्रहरी कार्यालयमा भने निवदेन दिएको छ । तर प्रहरीले निवेदनको सुनुवाइ नगरेको उद्योगले जनाएको छ ।

उद्योगका कर्मचारी र स्थानीयका अनुसार ठेकेदारले नै सम्झौता भएको एक महिनाभित्र भैंसे खानी »» पृष्ठ २ मा

# चीन निर्यात भएन भैंसीको मासु

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० जेठ ।

गत वर्ष मंसिर १७ देखि २० गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको चीन भ्रमणका क्रममा नेपालबाट भैंसीको मासु निर्यात गर्ने सहमति भएको थियो । तर उक्त सहमति कार्यान्वयनमा आउन सकेको छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालबाट भैंसीको मासु चीन निर्यात गर्ने योजनामै छ सरकार । तर खोरेत रोगले समस्या पाऱ्यो ।

मन्त्रालयका अधिकारीहरू खोरेत उन्मूलन गरेको एक वर्षभित्र नेपालबाट भैंसीको मासु चीन निर्यात हुने बताउँछन् ।

परराष्ट्र मन्त्रालयका अनुसार नेपाल र चीनबीच मासु निर्यातसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएपछि चीनले आवश्यक तयारी अगाडि बढाइसकेको छ । चिनियाँ लगानीकर्ता नेपाल आएर सर्भेमा लागेका छन् भने भैंसीको मासु प्रशोधनसम्बन्धी पूर्वाधार निमार्ण गर्ने कतिपय ठाउँ समेत तय गरिसकेका छन् ।

चिनियाँ लगानीकर्तालाई नेपालमा सर्भेका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले सहयोग गरिरहेको छ ।

पशु सेवा विभागका अनुसार चिनियाँ लगानीकर्ताले काभ्रे, मकवानपुर र सिन्धुलीमा शीतघर तथा बधशाला निर्माणको काम थालेका छन् । तर मासु निर्यात हुन भने समय लाग्ने भएको छ । नेपालबाट भैंसीको मासु चीन निर्यात सुरु गर्न कति समय लाग्छ भन्ने यकिन छैन । तथापि, मन्त्रालयका अधिकारीहरूका अनुसार खोरेत रोग उन्मूलन नभएसम्म भैंसीको मासु चीन निर्यातको सम्भावना छैन ।

सरकारले भने खोरेतमुक्त गराउने प्रयास गरिरहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार इलामका १० वटा स्थानीय तह खोरेत रोगमुक्त घोषणा भएका छन् । यसको अलावा मकवानपुर र सिन्धुलीका ४ वटा स्थानीय तह खोरेत रोगमुक्त घोषणा भएका छन् ।

नेपालबाट पछिल्ला वर्षहरूमा पशुपालनतर्फ मासु र दुग्धजन्य वस्तुको निर्यात पाँच अर्ब रुपैयाँ वरिपरि छ । चीनमा भैंसीको मासु निर्यात हुन थालेपछि पशुपालनतर्फ मासु निर्यातको रकम निकै बढ्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विश्वास छ ।

कृषि विकास मन्त्रालयका अनुसार समग्र देशलाई खोरेतमुक्त गराउने अभियानमा सरकार छ । खोरेत रोग पशुमा लाग्ने संक्रामक रोग हो । यो हावाबाट सर्ने यो रोग हो । मन्त्रालयका अधिकारीहरूका अनुसार नेपालमा मात्रै यो समस्या छैन, विश्वभर नै मासु व्यापारमा अवरोधका रूपमा यो रोगलाई लिने गरिन्छ । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# यूएईमा घरेलु कामदार खुलाउने विषयमा संसदीय समितिमा छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ ।

खाडी मुलुकमा नेपाली घरेलु महिला कामदारमाथिको प्रतिबन्ध खुलाउने विषयमा संसदीय समितिमा सांसदहरूको फरक-फरक दृष्टिकोण देखिएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको शुक्रबारको बैठकमा समितिका सदस्यहरूले त्यस विषयमा राजनीतिक दलभित्रै पर्याप्त छलफल गर्न बाँकी रहेको बताए । बैठकमा द्विपक्षीय श्रम सम्झौता भएको मुलुक संयुक्त अरब इमिरेट्स (यूएई)मा वैदेशिक रोजगारीका लागि नेपाली घरेलु कामदार पठाउने सम्भावनाका सम्बन्धमा छलफल भएको थियो ।

सो बैठकमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराईले यूएईमा नेपाली घरेलु कामदारको भर्तीसम्बन्धी भएको पाइलट परियोजना अघि बढाउन स्वीकृतिका लागि समितिसँग आग्रह गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरि पुष्करले प्रतिबन्ध समाधान नभएको उल्लेख गर्दै घरेलु कामदारका लागि वैधानिक बाटो खुलाउन प्रस्ताव गरेका थिए । उनले खाडी मुलुकमा महिला कामदार पठाउन प्रतिबन्धित भएपछि पनि जबरजस्ती श्रम र बेचबिखन जोखिमको समाधान हुन नसकेको बताए ।

समितिका सदस्यहरू हेमराज राई, रमेश रिजाल र रमा कोइराला पौडेलले यस विषयमा दलीय »» पृष्ठ २ मा

## सिन्डिकेटविरुद्ध संघद्वारा मलेसिया सरकारको ध्यानाकर्षण





**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सिन्डिकेटविरुद्ध मलेसिया सरकारको ध्यानाकर्षण गराएको छ । बिहीबार संघको एक प्रतिनिधिमण्डलले नेपालस्थित मलेसियन दूतावासका प्रमुख मोहम्मद फिर्दोस अजमानसँग भेट गरी सिन्डिकेटका सम्बन्धमा ध्यानाकर्षण गराएको हो । »» पृष्ठ २ मा




**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SETIA CORPORATION SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०२/३० चलानी नं.: ६०२३९४७९ L.T. No.: 325570



| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Warehouse Operator | 20 | 0 | स. काममा दक्ष | 1700 | ५५,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय पोखरामा २०८२ असार ८ गते (22 June 2025) मा हुनेछ ।

यस कम्पनीलाई Forklift Operator, Reach Truck Operator, Data Entry Operator र General Mechanic को पनि आवश्यकता रहेको हुनाले सम्बन्धित काममा अनुभवीहरूले पनि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.** Govt. Lic. No.: 1643/080/081
Basundhara-03, Kathmandu Nepal. Contact: 015903079, 014971229, 9707312439, 9851354196, 9802392459
Pokhara Contact : 061-570074,061-570075, 9801339551,9705699786,9863418803
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com,

# ‘राज्यले मातृभाषा संरक्षण गर्न आवश्यक नीति बनाउनुपर्छ’

**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले राज्यले मातृभाषा संरक्षणका लागि आवश्यक नीति बनाउनुपर्नेमा जोड दिएका छन्। नेवा पत्रकार राष्ट्रिय दबूको आयोजनामा ललितपुरमा भएको दोस्रो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलनको उद्घाटन गर्दै उनले मातृभाषामा पत्रकारिता गर्ने सन्दर्भमा पनि चुनौती देखापरिरहेका भन्दै यसलाई संरक्षणका लागि ध्यान दिनुपर्ने धारणा राखे।

‘अन्तर्राष्ट्रिय सम्मेलनबाट तयार हुने महत्वपूर्ण दस्तावेज मातृभाषाको संरक्षण गर्दै राष्ट्रलाई बलियो बनाउने सन्दर्भमा उपयोगी हुनेछ। पछिल्लो समय प्राप्त राजनीतिक उपलब्धि संरक्षणका लागि काम भइरहेका छन्। देशका १२४ जातजातिका साथै लोपोन्मुखको संरक्षणका लागि काम भइरहेका छन्। देशका ६२



भाषा संरक्षणमा रासस, सार्वजनिक प्रसारण संस्था र गोरखापत्रले पनि काम गर्दै आएका छन्, यो राम्रो काम हो,’सभामुख घिमिरेले भने।

उनले अन्तर्राष्ट्रिय सम्मेलन विभिन्न जातजातिको अवस्थिति, संस्कृतिको संरक्षण र एकअर्कालाई विचारहरु सम्प्रेषण गर्ने सन्दर्भमा महत्वपूर्ण हुने विश्वास व्यक्त गरे। सभामुख घिमिरेले भने, ‘यस सम्मेलनको उद्देश्य नेपालमा मातृभाषा पत्रकारिताको वर्तमान अवस्था र यसको विकासको प्रवृत्तिबारे जानकारी आदानप्रदान गर्नु हो, अन्तरराष्ट्रियस्तरमा भइरहेका प्रगतिबारे पनि जान्ने अवसर सिर्जना गर्नु हो। यसले नेपालमा मातृभाषा पत्रकारितालाई अझ व्यावसायिक, समावेशी र पहुँचयोग्य बनाउने दिशामा योगदान पुऱ्याउनेछ।’ नेपालका प्रथम मातृभाषा पत्रकार धर्मदित्य धर्माचार्य (जगतमान वैद्य) द्वारा मातृभाषामा पत्रकारिता आरम्भ गरिएको १०१औं वार्षिकीको स्मरण गर्दै भएको यो सम्मेलन विशेष महत्वको भएको बताउँदै सभामुख घिमिरेले धर्माचार्यको कार्यले मातृभाषा पत्रकारिताको जग बसाएको बताए।

# भरतपुर यातायात कार्यालयमा अख्तियारको छापा

**काठमाडौं/मस–** यातायात व्यवस्था कार्यालय, भरतपुर चितवनमा सवारी चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी परीक्षामा व्यापक अनियमितता र घुस लिएको उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले छापा मारेको छ।




छानबिनको क्रममा फेल भएका परीक्षार्थीहरूबाट वर्ग अनुसार १५ हजारदेखि २५ हजार रुपैयाँसम्म रकम लिएर पास गराउने कार्यमा संलग्न भएको पुष्टि भएको अख्तियारले जनाएको छ। आयोगको टोलीले छापा मार्दा कार्यालय सहायक (पाँचौं) इन्द्रजित गुरुङको कार्यकक्षबाट रु.१ लाख ८५ हजार नगद फेला परेको छ। बिचौलिया सुरज पाठकसहित गुरुङलाई कार्यालय परिसरबाट नियन्त्रणमा लिइएको छ।

साथै, अनुसन्धान टोलीले कार्यालय प्रमुख विष्णु भट्टराईसहित अन्य कर्मचारी र महालक्ष्मी ड्राइभिङ सेन्टर, गुरुङ ड्राइभिङ सेन्टर, कुमार ड्राइभिङ सेन्टर लगायतका सञ्चालकहरूको मोबाइल ३१ थान, ल्यापटप २ थान, र विभिन्न महत्वपूर्ण कागजातहरू समेत नियन्त्रणमा लिएको छ। अहिले घटनाको थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जानकारी दिएको छ।

## पेलिए...

प्रभावित भएका थिए। यसबीचमा सभामुख घिमिरे सहित ठूला दलहरूबीच सदन खुलाउन अनेकन छलफल भएपनि प्रतिपक्षको आवाज बलियो भएकै कारण सरकारले १५ जेठमा ल्याएको बजेट माथिको छलफल हुन सकेको थिएन।

तर शुक्रबार नेपाली कांग्रेस, एमाले र माओवादी बीच सहमति जुटाएसँगै संसदको अवरोध खुलेको छ। संसद् खुलाउन सरकारको तर्फबाट एमालेका मुख्य सचेतक महेश बर्तौला र प्रतिपक्षी दल माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले २ बुँदे समझदारीमा हस्ताक्षर गरेका छन्।

सहमतिपत्रअनुसार भिजिट भिसा र अध्यागमनसँग सम्बन्धित विषयमा छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरे बमोजिम नेपाल सरकारले आवश्यक सहयोग गर्ने र विगतदेखि देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवम् छानबिन गरी नीतिगत, कानूनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यवस्था गर्न ठोस पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

### गृहमन्त्रीले दिए सफाइ

यद्यपि संसदको चौथो र पाँचौ दल क्रमश: रास्वपा र राप्रपाले सरकार र माओवादीबीचको सहमतिलाई अस्वीकार गर्दै शुक्रबारको संसदमा चर्को विरोध गरे।

उनीहरू आफ्नो माग गृहमन्त्री लेखकको राजीनामा र संसदीय छानबिन समिति बनाउने विषयबाट पछि हटेका छैनन्। रास्वपाको सदन अवरोधका बाबजुद गृहमन्त्री लेखकले संसदमा सम्बोधन गर्दै आफू निर्दोष भएको सफाई पेश गरे। उनकै नाममा सदन अवरुद्ध भएपछि बोल्न नपाएका लेखकले १८ दिन पछि बोल्न पाएका थिए।

सो क्रममा लेखकले भिजिट भिसा प्रकरणमा आफ्नो संलग्नता नरहेको दाबी गर्दै अनुसन्धानको जिम्मेवारी लिएको अख्तियारको अनुसन्धानलाई खुला हृदयले स्वागत गर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रतिपक्षी रास्वपाका सांसद मनिष झाले भने आफ्नो माग र मुद्दाबाट रास्वपा पछि नहटेको भन्दै सदन अवरोध कायमै राख्ने बताए। ‘प्रमुख प्रतिपक्षी दल आफैले उठान गरेका एजेन्डामा सत्तापक्षसँग आत्मसमर्पण गरेर हामीसँग पारपाचुके गरेको छ’, झाले मध्यान्हसँग भने।

अध्यागमन विभागमार्फत भिजिट भिसाको आवरणमा भइरहेको मानव तस्करीको नेतृत्व गृह मन्त्रालयले गरेको उनको आरोप छ। गृहमन्त्री लेखक बोलिरहँदा रास्वपाका सांसदहरूले बेल घेराउ नै गरेका थिए।

यस विषयमा माओवादीले जनताले भोग्नुपरेका समस्या समाधानका लागि माओवादीसहित एकीकृत समाजवादीलगायतका दलबीच सहमति भएको बताएको छ। ‘जिम्मेवार प्रतिपक्षको हैसियतले आम जनताका समस्या पनि अगाडि बढ्न र सँगसँगै जनताले भोग्नुपरेका भिजिट भिसालगायतका भ्रष्टाचारजन्य, मानवतस्करीजन्य समस्याहरू छन्’, माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले भने ‘ती समस्या हल गर्नकालागि जिम्मेवार प्रतिपक्षको हैसियतले नेकपा (एकीकृत समाजवादी), आम जनता पार्टी, नेपाल समाजवादी पार्टीलगायतका विपक्षीहरूले सहमतिका साथ अगाडि बढ्ने सहमत भएका हौं।’

१३ जेठदेखि निरन्तर भिजिट भिसामा भ्रष्टाचार र मानवतस्करीका विषयमा आवाज उठाउँदै आएको बताउँदै उनले आफूहरूले राखेका विषय विश्वस्त हुनेगरी सरकारले व्यवहारमा लागू गर्ने विश्वास व्यक्त गरे।

## गृहमन्त्रीको...

जाहेरी दर्ता गर्ने प्रयास भएको दाबी गरे। गृहमन्त्री लेखकले कीर्ते, जालसाझी र अमर्यादित गतिविधिमा संलग्न व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउने चेतावनी समेत थिए। ‘मेरा विरूद्ध कीर्ते र नक्कली पीडित खडा गर्ने र पार्टी कार्यालयहरूमा नक्कली उजुरी हाल्ने प्रयास भएको छ’, उनले भने। यो विषयमा सचेत रहन आग्रह गर्दै उनले रास्वपलाई लक्षित गर्दै सम्भावना बोकेका पार्टी भएकाले यस्ता कार्यमा नलाग्न समेत सुझाव दिए।

## राष्ट्रिय...

उनीहरूको धारणा छ। मधेश आन्दोलनकै बलमा नेपाल संघीय शासन प्रणाली स्थापना भएको दाबी मधेशी नेताहरूले गर्दै आएका छन्। तर संघीयता खारेजी सहितका माग सडकमा उठिरहँदा र राजतन्त्रको पुनर्वहालीको माग सडकमा आइरहँदा पनि उनीहरू मौन बसेका छन्। जबकी अरु दलहरू प्रतिकारमा उत्रिएका हुन्। राजावादी आन्दोलनको विरोधमा मधेश केन्द्रित दलहरू खुलेर आउन सकेका छैनन्।

सरकारले ल्याएको वार्षिक बजेटमा विपक्षमा रहेका दलहरूले यसको सकारात्मक र नकारात्मक पक्षका बारेमा टिप्पणी गरिरहँदा पनि मधेश केन्द्रित दलहरूलाई बजेटले छोएको छैन। यसका साथै अन्य समसामयिक विषय र मुद्दामा पनि मधेश केन्द्रित दलहरू चुप रहँदै आएका छन्।

तर यसअघि सरकारले ल्याएको भूमिसम्बन्धी विधेयकप्रति भने यी दलहरूले असहमति जनाएका थिए। भूमिसम्बन्धी विधेयक आएपछि मधेश केन्द्रित ७ राजनीति दलहरूले संघीय लोकतान्त्रिक मधेशी मोर्चालाई पुनर्जिवित गरेर त्यसको कडा विरोध गरे। अन्तत: सरकार त्यसबाट पछि हट्न बाध्य पनि भए। तर यसबाहेक उनीहरू कुनै पनि राष्ट्रिय मुद्दामा चासो र सरोकार राखेको पाइदैन।

संघीय लोकतान्त्रिक मधेशी मोर्चामा जनमत पार्टी, जसपा नेपाल, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तमलोपा छन्। उनीहरू मध्ये केही दल सरकारमा छन् भने केहीले सरकारलाई बाहिरबाट समर्थन गरेका छन्। यस्तै केही दल संसदमा छैनन्।

सत्ताधारी कांग्रेस र एमालेले संविधान संशोधनको गृहकार्य थालेपछि मधेशकेन्द्रित दलहरू सामूहिक मुद्दा उठाउने गरी एकत्रित भएका हुन्। मधेश आन्दोलनसहितबाट प्राप्त उपलब्धिको रक्षा तथा आफ्नो अस्तित्व जोगाउन उनीहरू मोर्चाबन्दी गरेको टिप्पणी पनि भइरहेको छ। साथै संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा थ्रेसहोल्ड बढाउने सत्ता पक्षको गृहकार्यबाट त्रसित भएर उनीहरू मोर्चाबन्दीमा आएका हुन्।

खासमा मधेश केन्द्रित दलहरू जनताको मुद्दाभन्दा आफ्नो अस्तित्वका लागि मात्रै बोल्दै आएका छन्। पछिल्लो पटक मोर्चालाई ब्युँत्याउने निर्णय गर्नु त्यसकै परिणाम रहेको जानकारहरू बताउँछन्।

तर जसपा, नेपालका प्रवक्ता मनीष सुमन आफूहरू राष्ट्रिय मुद्दाबाट अलग नभएको बताउँछन्। ‘हामी राष्ट्रिय सरोकारका सबै विषयमा बोलिरहेका छौं। हामीले विरोध गर्दा नै भूमिसम्बन्धी अध्यादेशबाट सरकार पछि हटेको हो। राजावादीको आन्दोलन विरोधमा पनि बोलिरहका छौं’, उनले भने। उनले भिजिट भिसा प्रकरणमा संसद नै अवरुद्ध रहेकाले चाहेर पनि बोल्न नसकेको बताए। भिजिट भिसा प्रकरणमा माओवादी केन्दै पछि हटेपटि मोर्चाले भिजिट भिसा प्रकरणमा छानबिनको माग गरेको छ।

शुक्रबार काठमाडौंमा बसेको मोर्चाको बैठकले भिजिट भिसाका नाममा मानवतस्करीको बिषय जोडिएकाले छानबिनको माग गरेको हो।

भिजिट भिसा प्रकरणमा छानविन गरेर प्रतिवेदन सार्वजनिक गर्दै दोषिमाथि कारबाही हुनुपर्ने बैठकको निष्कर्ष रहेको राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले जानकारी दिए।

## कवाडीमा...

र अन्य स्थानबाट पुराना कवाडी सामग्री लगेका थिए। उक्त विषयमा उद्योगको खानी महाशाखाले अनुगमन समेत गरेको थियो। ठेकेदारले नै कवाडी सामग्रीसँगै अरु सामान समेत उठाएको भन्दै महाशाखाले सिमेन्ट उद्योगलाई सूचना समेत दिएको थियो।

उद्योगमा कार्यरत कर्मचारीहरूले कवाडीको नाममा थन्केर बसेका उद्योगका महँगा सामानहरू चोरी भएको जनाएका छन्।

उद्योगमा कार्यरत कर्मचारी संगठनका नेताहरूले पत्रकार सम्मेलनमार्फत् यस विषयमा जानकारी गराएका छन्। उनीहरूले चोरीको विषयमा प्रशासनले ध्यान नदिएको आरोप लगाए।

रोप-वे बिक्री गर्ने क्रममा भैंसे खानीको चमेनागृह नजिक रहेको डम्फरसंगै भैंसे खानीबाटै लाखौं मूल्यको ६३० केभीएको ट्रान्सफर्मर समेत चोरी भएको संगठनको दाबी छ।

‘तार काटेर लैजान ठेक्का दिएको हो तर अन्य सामग्री पनि चोरी भएको देखियो। पुरानो डिब्बा गाडी पनि हराएकोले २५ माघमै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा निवदेन दर्ता गराएको थियौं।’ उद्योगका अध्यक्ष नरेन्द्र भण्डारीले बताए। उनले यसबारे प्रहरीले चासो नदेखाएको बताए।

उद्योगका सूचना अधिकारी हरेराम आचार्यका अनुसार उद्योगले कवाडी ठेकेदार पक्षबाट ३ किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नुपर्ने सहमति गरेको छ। उद्योगले सोहीअनुसार पहिलो किस्ता वापतको १ करोड ४२ लाख ६८ हजार ६९४ रुपैयाँ समेत प्राप्त गरिसकेको छ। रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिनाभित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नुपर्ने सहमति गरेको छ।

सिमेन्ट उद्योगको डम्फर र ट्रान्सफर्मर ठेकेदारबाटै चोरी भएको उद्योगका कर्मचारीहरूको दाबी छ।

कर्मचारीहरूका अनुसार ठेकेदार पक्षले तत्कालीन महाप्रवन्धक वसन्तराज पाण्डे र प्रहरीकै सेटिङमा कवाडी ठेक्काको नाममा टिपर लगायत सामग्री चोरी भएको पत्रकार सम्मेलनमा उनीहरूले दाबी गरे। उनीहरूका अनुसार उद्योगले निवदेन दिँदा पनि प्रहरीले अनुसन्धान नगर्नुले प्रहरीको मिलेमतो प्रष्ट देखिन्छ।

सिमेन्ट उद्योगको रोप-वे बेचेर पुरानो मेसिनरी संयन्त्र स्थानान्तरण गर्ने सिफारिसको आधारमा व्यवस्थापकले टेन्डरमार्फत लिलामी प्रक्रिया अघि बढाए पनि त्यस विपरीत सञ्चालक समितिले दोब्बर महँगोमा कोइला र अन्य कच्चा पदार्थको भुक्तानी गर्ने गैरकानुनी निर्णय गरेको ट्रेड युनियनका अध्यक्ष कुमार खतिवडाले बताए। कोइला लगायतको कच्चा पदार्थ महंगोमा खरिद गर्दा सिमेण्टको प्रतिबोरा लागत वृद्धि भई उद्योग घाटामा रहेको र उक्त कोइला २/३ महिनामा आपूर्ति भइसक्नुपर्नेमा सम्झौता लम्ब्याउने काम गरिएको उनले बताए।

### फागुनदेखि तलब पाएनन्

नेपाल कारखाना श्रमिक संघका अध्यक्ष विशाल नेपालका अनुसार उद्योगमा हाल १९३ जना पूर्णकालीन कर्मचारी कार्यरत छन्। यसबाहेक दैनिक ज्यालादारी र सुरक्षाकर्मी गरी थप करिब १५० कर्मचारी छन्।

कर्मचारीहरूले फागुन महिनायताको तलब पाएका छैनन्। भदौदेखि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको रकम रोकिएको छ। उद्योगका कर्मचारीको मात्रै करिब ५ करोड र दैनिक ज्यालादारीको २ करोड गरी ७ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको नेपालले बताए।

उद्योगमा सिमेन्ट उत्पादन चलिरहे पनि क्लिङ्कर उत्पादन भने बन्द छ। व्यवस्थापन र कर्मचारी ट्रेड युनियनको सामान्य विवादका कारण केही दिनदेखि बिक्री समेत बन्द अवस्थामा छ।

‘रोपवे बिक्रीबाट प्राप्त हुने रकमले कच्चा पदार्थ किन्ने र त्यसबाट उत्पादन भएको सिमेण्टबाट कर्मचारीको बाँकी बक्यौता भुक्तानी गर्ने सहमति भएको थियो। हामीले उक्त सहमति कार्यान्वयनको माग गर्दा हाजिरी गर्न रोक लगाइएको छ’, अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष नेमा डिमडुङले बताए।

## चीन...

नेपालबाट खोरेत रोग उन्मुलन गराउन चीनले समेत सहयोग गर्ने कृषि मन्त्रालयले जनाएको छ। नेपालमा भैंसी पालनको राम्रो सम्भावना भएकाले चीनले चिनियाँ लगानी नेपालमा गर्न लागेको हो। चिनियाँ लगानीमै नेपालमा भैंसी पालन हुने र त्यसको मासु चीन निर्यात हुने अवस्था बनेकाले नेपालले निर्यात गर्ने गरी सहमति गरेको हो।

नेपाललाई पनि चिनियाँ बजार ठूलो अवसर छ। यसकारण चिनियाँ लगानी भित्र्याएर चीनमै भैंसीको मासु निर्यात गरेर नेपालले लाभ लिन खोजेको हो।

कृषि मन्त्रालयका अनुसार नेपालबाट पछिल्ला वर्षहरूमा पशुपालनतर्फ मासु र दुग्धजन्य वस्तुको निर्यात पाँच अर्ब वरिपरी छ। चीनमा भैंसीको मासु निर्यात हुन थालेपछि पशुपालनतर्फ मासु निर्यातको रकम बढ्नेछ।

## यूएईमा...

धारणा बनाउनुपर्ने राय राखे। उनीहरूले दलको धारणासँगै विज्ञहरूसँग पर्याप्त छलफलपछि मात्र उक्त पाइलट परियोजना अघि बढाउन समितिले निर्देशन दिनसक्ने बताए। समितिका सदस्य कृष्णकुमार श्रेष्ठले नेपाली घरेलु कामदार भर्ती र नियुक्तिका क्रममा लाग्ने लागतका विषयमा आपत्ति जनाए।

समितिका सदस्यहरूले यूएईको मानव संशाधन तथा इमिरेटीकरण मन्त्रालय र नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच यूएईमा नेपाली घरेलु कामदारको भर्तीसम्बन्धी भएको पाइलट परियोजनाबारे छलफल गरे। उक्त परियोजनामा नेपाली घरेलु कामदारले राहदानी शुल्क, योग्यताको प्रमाणपत्र, चिकित्सा परीक्षण, भर्ती शुल्क, प्रवेश भिसा, प्रशोधन खर्च, स्वास्थ्य बीमा, कामदार सुरक्षा कार्यक्रम बीमा र हवाई भाडा लागत व्यहोर्नुपर्ने सम्झौतामा उल्लेख छ।

समितिका सदस्यहरू रुक्मिणी राना बराइली, महेन्द्रबहादुर शाही, रेखा यादव, सूर्यमान तामाङ, सुरेन्द्रराज आचार्य र अमृता देवी अग्रहरीले विभिन्न खाडी मुलुकमा नेपाली महिला अलपत्र परेको उल्लेख गर्दै उद्धारका लागि सभापतिमार्फत ध्यानाकर्षण गराए। समितिका सदस्यहरूले घरेलु कामदार पठाउने गन्तव्य देशको पारिवारिक कानुनबारे सरकारले ध्यान पुऱ्याउनुपर्नेमा जोड दिए। बैठकमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले महिला कामदारलाई खाडी मुलुकमा रोक लगाइएको निर्णयको पुनरावलोकन गरिनुपर्ने धारणा राखिन्। सरकारले रोक लगाउँदा पनि हजारौंको संख्यामा महिलाहरू खाडी मुलुक पुगिरहेकाले उनीहरूलाई वैधानिकता प्रदान गरिनुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो।

संसदीय समितिकै अध्ययन र निर्देशनपछि खाडी मुलुकमा महिला कामदार पठाउन रोकिएको र अहिले परिस्थिति परिवर्तन भएकाले अब त्यसलाई पुनरावलोकन गर्ने कि भन्ने दृष्टिकोण रहेको बताइन्। उनले भनिन्, ‘नेपालले रोक्दा रोक्दै पनि कुवेतमा मात्र ४८ हजार नेपाली महिला कामदारहरू रहेको पाइएको छ। उनीहरूलाई वैधानिक कानुनी दायराभित्र ल्याउन आवश्यक छ।’

वैदेशिक रोजगारसम्बन्धी समस्या समाधानका लागि उपाय सुझाउन आफूसहित गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र तीन वटै मन्त्रालयका सचिवहरू रहेको समितिले काम गरिरहेको समेत उनले जानकारी दिइन्। बैठकमा भिजिट भिसा प्रकरणको विषयले प्रवेश पाएपछि सांसदहरूबीच केही समय नोकझोक चलेको थियो। समितिका सदस्य एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद गणेश पराजुलीले खाडीमा घरेलु कामदारको विषयसँगै भिजिट भिसा प्रकरणमा अनुसन्धानको माग गरे।

उक्त विषयमा सांसदहरूको भूमिका सक्रिय नदेखिएको पराजुलीको टिप्पणीप्रति नेकपा एकीकृत समाजवादीका सांसद कृष्णकुमार श्रेष्ठ, नेपाली कांग्रेसका सांसदहरू राजु थापा र कान्तिका सेजुवालले असहमति जनाएका थिए।

## सिन्डिकेटविरुद्ध...

दूतावासले सिन्डिकेटविरुद्ध संघको विरोध र मागको विषय मलेसिया सरकारसमक्ष पुऱ्याउने प्रतिबद्धता जनाएको छ।

उक्त भेटमा दूतावास प्रमुख अजमानले दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउने र सीमित व्यक्तिहरूको पक्षपोषण गर्ने गरी एकाधिकारको पक्षमा दूतावास नरहेको बताए। उनले मलेसिया सरकारसमक्ष संघको आधिकारिक धारणा पठाउने प्रतिबद्धता जनाएको संघका महासचिव महेशकुमार बस्नेतले जानकारी दिए। दूतावासले दिने अन्य सेवाहरू र गर्ने सम्पूर्ण नियमित कामहरू अझ छिटो, छरितो र चुस्तदुरुस्त गराउने विषय पनि उठाइएको र दूतावासले सोहीअनुसार आश्वासनसमेत दिएको संघले बताएको छ।

संघका अध्यक्ष भुवनसिंह गुरुङको नेतृत्वमा गएको संघको प्रतिनिधिमण्डलमा महासचिव बस्नेत, कोषाध्यक्ष धनु सिञ्जाली, कार्यसमिति सदस्य रेखा शर्मा र सुवर्ण लामा सहभागी थिए।

**कतारमा रोजगार**

कम्पनी : LIFE STYLE FOR CLEANING & MAINTENANCE — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८२/०२/३० — चलानी नं.: ६०२३९५२९ — LT. No.:320731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner,Public Facilities | 50 | 50 | स. काममा दक्ष | 1000 | ३७,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Y. K. Manpower Agency Pvt. Ltd.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

**हरिनास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चित्रेभञ्ज्याङ्ग, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण वारे सार्वजनिक सूचना**

**(प्रकाशन मिति : २०८२/०२/३१)**

स्याङ्जा जिल्लाको हरिनास गाउँपालिका द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हरिनास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल। |
| प्रस्तावको व्यहोरा | चुलिडाडा पर्यटन गुरुयोजना "Chulidada Tourism Master Plan" कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन निर्माण गर्ने। |
| प्रभाव पर्न सक्ने क्षेत्र | हरिनास गाउँपालिका वडा नं ४। |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्रका वडा कार्यालय, विद्यालय, वन, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हरिनास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, नेपाल। फोन नं ९८५६०३६४६८ इ मेल : harinasruralmunicipality@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | स्किल नोक्स प्रा.लि. बुढानिल्कण्ठ, काठमाण्डौ, नेपाल। फोन नं ९८६०६६६३९९ ईमेल skillnox@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

# ज्ञानलाई समृद्धिका लागि प्रयोग गर्नुहोस् : प्रधानमन्त्री

**काभ्रेपलाञ्चोक/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले अध्ययन कहिल्यै पूरा नहुने भएकाले आफूले पाएको ज्ञानलाई व्यवहारमा उतार्दै आइपरेका नयाँनयाँ चुनौतीको मौलिक ढङ्गले समाधान गर्दै अगाडि बढ्न दीक्षित विद्यार्थीलाई आग्रह गरेका छन् ।



धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको ३० औं दीक्षान्त समारोह (दोस्रो चरण)लाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अब नेपालको परिचय 'बहादुर' मात्र नभइ 'इमान्दार, मेहनति र शालिन व्यक्तिको देश'भनी स्थापित गराउनुपर्नेमा जोड दिँदै सीपयुक्त जनशक्तिले अनुसन्धान र नवप्रवर्तनमा लागेर देशको सेवा गर्नुपर्ने आग्रह गरे ।

नेपाल कहिल्यै कुनै मुलुकको अधिनस्थ नरहेको र कहिल्यै नरहने बताउँदै उनले नेपाल सानो राष्ट्र भएपनि स्वाधिनताका साथ बसेको स्पष्ट गरे । 'दुनियामा नेपाल नेभर कोलोनाइज्ड हो । यो कसैको मातहतमा रहेन र रहँदैन पनि । हाम्रो सानो देश भए पनि विदेशी शक्तिलाई ढिम्किनसमेत दिइएन,बरु तोपसँग पूर्खाले चक्कुको सहारामा हराएर देशको स्वाधिनता बचाएका हुन् ।'

प्रधानमन्त्री ओलीले विश्व-पृथ्वी, जल, नक्षत्र, ब्रम्हाण्ड शान्ति भनिरहेको अवस्थामा जल, वायु र आकाशमा अशान्ति नहोस् भनी कामना गरिरहेकाले हामीले सोहीअनुसार कर्म गर्नुपर्ने बताए । 'पूर्वजदेखिनै पनि सबै क्षेत्रमा शान्ति हुनुपर्छ भन्दै आएका थिए, यसकारण पनि समृद्ध-नेपाल, सुखी-नेपाली भनिएको हो,'उनले भने ।

प्रधानमन्त्री ओलीले यस वर्षको एसईई नतिजामा सुधार आउने पनि बताए ।

'गत वर्षको नतिजामा ४८ प्रतिशत विद्यार्थी उत्तीर्ण हुनु नाजुक अवस्था हो,' उनले भने, 'उक्त नतिजामा सरकारले सुधारको काम गरिरहेको छ, यस वर्ष ६० देखि ६५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुने सरकारले अनुमान गरेको छ ।' एसइईमा सुधारसँगै सम्रग शिक्षा क्षेत्रको विकासको लागि सरकार सचेत रहेको उनको भनाइ थियो ।

शिक्षा र स्वास्थ्य क्षेत्रबाट देश विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै उनले भने, 'शिक्षित र स्वस्थ्य नागरिक नै देशको उपलब्धि हो, यस क्षेत्रका विकासका लागि सरकार सचेत छ ।' १ हजारबढी दीक्षित

विश्वद्यिालयको दीक्षान्त समारोहमा विभिन्न तह एवं विधामा १ हजार १२९ विद्यार्थी दीक्षित भएका छन् ।

समारोह अमेरिकास्थित माउन्ट साइनाई हेल्थ सिस्टम्सका प्रमुख कार्यकारी अधिकृत ब्रेन्डन जी कारको प्रमुख आतिथ्यमा भएको थियो ।

समारोहमा स्कुल अफ आर्टसका १६३, स्कुल अफ एजुकेसनका १०२, स्कुल अफ इञ्जिनियरिङका ६८, स्कुल अफ मेनेजमेन्टका ११०, स्कुल अफ मेडिकल साइन्सेजका ६६१ र स्कुल अफ साइन्सका २५ जना विद्यार्थी दीक्षित भएका हुन् ।

यस्तै विश्वविद्यालयका आर्टस्, एजुकेसन, इञ्जिनियरिङ, मेनेजमेन्ट, मेडिकल साइन्सेन्स र साइन्स संकायका पिएचडी तहका १४, डिएम तहका आठ, एमसीएच तहका १०, एमफिल तहका ६९, स्नातकोत्तर तहका ५१३, पिजीडी तहका चार र स्नातक तहका ५१९ जना दीक्षित भए ।

दीक्षित हुनेमध्ये ५०.९३ प्रतिशत छात्र र ४९.०७ प्रतिशत छात्रा छन् । दीक्षित हुने विदेशी विद्यार्थी भुटान, भारत, श्रीलंका र माल्दिभ्स गरी चार देशका ११८ जना अर्थात् १०.४५ प्रतिशत रहेको केयुले जनाएको छ । तिसौं दीक्षान्त समारोहको दोस्रो चरणको कार्यक्रमसम्ममा गरी केयुबाट ४७ हजार ८ सय ३१ जना उत्तीर्ण भएका छन् । जसमध्ये ५ हजार ६६० जना अर्थात् ११ दशमलव ८३ प्रतिशत विद्यार्थी विदेशी छन् ।

# उच्च अदालतमा ४ जना मुख्य न्यायाधीशमा सिफारिस

**काठमाडौं/मस**– न्याय परिषद्ले उच्च अदालतमा ४ मुख्यन्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको छ ।




न्याय परिषद्ले लामो गृहकार्यपछि शुक्रबार न्यायाधीश नियुक्तिका लागि सिफारिश गरेको हो । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको अध्यक्षतामा बसेको बैठकले उच्च अदालत जनकपुरअन्तर्गत अस्थायी इजलास वीरगन्जका न्यायाधीश राजनप्रसाद भट्टराई, उच्च अदालत पाटनका न्यायाधीश लालबहादुर कुँवर, उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगामा दरबन्दी भई तुल्सीपुरमा काजमा रहेका न्यायाधीश हरिप्रसाद भण्डारी र उच्च अदालत तुलसीपुर बुटवल इजलासका न्यायाधीश राजेश्वर तिवारीलाई मुख्य न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको हो ।

बैठकले भट्टराईलाई उच्च अदालत विराटनगर, कुवँरलाई उच्च अदालत पाटन, भण्डारीलाई उच्च अदालत सुर्खेत र तिवारीलाई उच्च अदालत तुलसीपुरमा पदस्थापनका लागि पनि सिफारिस गरेको न्याय परिषद्का प्रवक्ता अशोककुमार क्षत्रीले जानकारी दिए ।

भट्टराई र कुंवर सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारबाट उच्च अदालतका न्यायाधीश भएका हुन् । उनीहरूलाई वरीयतामा अगाडि राख्न २०८० असोजमा न्याय परिषद्ले नियमावली नै संशोधन गरेको थियो ।

यस्तै उच्च अदालतका दुई न्यायाधीशको सरुवाका लागि सिफारिस गरिएको छ । न्याय परिषद् बैठकले दुई न्यायाधीशको सरुवाको सिफारिस गर्ने निर्णय गरेको हो ।

न्याय परिषद्का अनुसार उच्च अदालत दिपालका न्यायाधीश (हाल वैदेशिक रोजगार न्यायाधीशकरणमा काजमा कार्यरत) गोकर्ण डाँगीलाई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा सरुवा सिफारिस गरिएको छ ।

त्यस्तै वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्ष पदमा उच्च अदालत पाटन, हेटौंडा इजलासमा कार्यरत न्यायाधीश डा.शान्ता सेढाई सापकोटालाई तोक्न सिफारिस गरिएको छ ।

# काठमाडौं महानगरद्वारा नि:शुल्क मानसिक स्वास्थ्य परीक्षण सुरु

**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले विशेषज्ञससहित मानसिक स्वास्थ्य परीक्षण सुरु गरेको छ । यो सेवा हरेक आइतबार र बुधबार बिहान १० बजेदेखि १२ बजेसम्म नि:शुल्क सञ्चालन हुनेछ ।




कामपा स्वास्थ्य विभागले वडा नम्बर ११ बबरमहलको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट तनाव, 'एङ्जाइटी', 'डिप्रेसन'सम्बन्धी मानसिक रोगका साथै रक्सी तथा लागुपदार्थको कुलतमा फसेकालाई लक्षित गरी नि:शुल्क स्वास्थ्य परीक्षण सुरु गरेको हो ।

कामपा-११ का वडाध्यक्ष हीरालाल तण्डुकारले लुकाउने गरिएको मानसिक समस्याका बारेमा खुलेर उपचार गर्ने वातावरण बनाएर सम्भावित जोखिम घटाउन कामपाले परीक्षण सुरु गरेको जानकारी दिए ।

पाटन अस्पतालका मनोचिकित्सक डा.अनिमा पराजुलीले आवेग, निराशा, उत्तेजना, डर, चिन्ता, दिक्दारी, छटपटी, मनमा धेरै कुरा खेल्ने, भोक तथा निद्रा नलाग्ने, दिशा, पिसाब गरिरहनेलगायत अस्वाभाविक परिवर्तन हुनु मानसिक समस्याका लक्षण रहेको बताए ।

मानसिक समस्यालाई समयमा पहिचान गरेर नियन्त्रण बाहिर पुग्नुअघि समाधानका उपाय खोज्न सकिने उनको भनाइ छ। यस्ता समस्या सकेसम्म अरुलाई नसुनाउने भएकाले रोग बढ्दै जाने भन्दै पाटन अस्पतालका चिकित्सा मनोविद् अनुपराज भण्डारीले ठूला अस्पतालमा मानसिक समस्याका बिरामीको सङ्ख्या बढ्दै गइरहेको बताए । वडास्तरमा हुने विशेषज्ञ परीक्षणले अस्पतालमा बिरामीको चाप घट्ने र सेवाको गुणस्तर बढ्ने उनको भनाइ छ ।

विश्वास लाग्ने व्यक्तिसँग मात्र कुराकानी गर्ने, परामर्शदातासँग कुरा गर्ने, व्यायाम गर्ने, प्रशस्त पानी पिउने, गीत गाउने वा सुन्ने, गहिरो सास फेर्नेलगायत अभ्यास गर्नुपर्ने भण्डारीले उल्लेख गरे । मानसिक स्वास्थ्यको लक्षण, असर र समाधानका उपायसम्बन्धी सन्देश प्रवाह गरेर मानसिक समस्यालाई घटाउन, परीक्षण र परामर्शबाट व्यक्तिको अवस्था पत्ता लगाएर उपचार गराउने उद्देश्यले कामपाले कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

# आनको ३५औं वार्षिकोत्सवमा रक्तदान, ३ कार्यक्रमको घोषणा

**काठमाडौं/मस**–नेपाल विज्ञापन संघ (आन)ले आफ्नो ३५ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ ।

संघले शुक्रबार पुल्चोक, ललितपुरस्थित लबिम मलमा विज्ञापन, मिडिया तथा अन्य उद्योगी-व्यवसायीहरुको सहभागितामा एक बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । नेपाल रेडक्रस सोसाइटी अन्तर्गतको रक्त संचार केन्द्रको प्राविधिक सहयोगसहित रिलाएबल फुड एण्ड बेभरेज, डाबर नेपाल, लबिम मल, सन फिस्टको डार्क फेनटासी तथा चोको फन जोयको अन्य सहयोग रहेको कार्यक्रममा करिब १ सय जनाको सहभागिता रहेको थियो ।




शुक्रबार नै संघले अप ग्रेड टु ग्रो शिर्षकको तालिम श्रंखला र आन बल कार्यक्रमको पनि घोषणा गरेको छ । संघको कार्यकारिणी समितिका सदस्य रंजित आचार्यको संयोजकत्वमा गठित उपसमितिमार्फत इन्टरनेशनल एड्भटाइजिङ एशोसियसनको नेपाल च्याप्टर तथा एड क्लब अफ नेपालको सहकार्यमा सञ्चालन हुने उक्त तालिम विज्ञापन तथा ब्राण्ड मार्केटिङको क्षेत्रमा कार्यरत पेशाकर्मीहरूलाई लक्षित गरी उनीहरूको क्षमता अभिवृद्धिका लागि त्यस सम्बन्धित विभिन्न पक्षहरूमा छुट्टा-छुट्टै श्रृंखलाहरू संचालन गरिने संघका महासचिव कृष्ण घिमिरेले बताए ।

त्यसैगरी संघको ३५औं वार्षिकोत्सवको मौका पारी छिट्टै नै नेपाली चलचित्र, मनोरञ्जन, कला, खेलकुद क्षेत्र तथा समाजका प्रख्यात व्यक्तित्वहरूको संलग्नतामा आन बल नाम बृहत् सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्ने घोषणा गरेको छ । संघका कार्यकारिणी समितिका सदस्य प्रभात रिमाल संयोजक रहेको उक्त कार्यक्रम आफैंमा नौलो र मौलिक रहने भएकोले यस सम्बन्धमा विस्तृत कार्यक्रम छिट्टै नै सार्वजनिक गरिने महासचिव कृष्ण घिमिरेले जानकारी दिए ।

# लक्ष्मीपुर पतारी-सखुवानन्कारकट्टी-भौर सडक स्तरोन्नति गरिँदै



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ३० जेठ

सिरहाको लक्ष्मीपुर पतारी र सखुवानन्कारकट्टीलाई भौरसम्म जोड्ने सडक स्तरोन्नति गरिने भएको छ । मधेश प्रदेश सांसद राजकुमार गुप्ता (राजू) को प्रमुख आतिथ्यमा सडकको शिलान्यास गरिएको हो । सो क्रममा सांसद गुप्ताले चुनावी वाचाअनुसार सडक निर्माणमार्फत लक्ष्मीपुर पतारी र सखुवानन्कारकट्टी गाउँपालिकालाई जोड्ने आफ्नो प्रतिबद्धता पूरा गरेको घोषणा गरे ।

सांसद गुप्ताले चुनावी अभियानका क्रममा उक्त सडक स्तरोन्नति गर्ने वाचा गरेका थिए । यो सडकले दुई गाउँपालिकाबीचको यातायात सञ्जाललाई बलियो बनाउँदै सामाजिक-आर्थिक गतिविधिमा सहजता ल्याउने अपेक्षा गरिएको छ । कार्यक्रमका अध्यक्ष मधेश प्रदेश समाजवादी विद्यार्थी यूनियनका अध्यक्ष दीपेश कुमार यादवले भने, 'यो सडक लक्ष्मीपुर पतारीको पत्थरगाडादेखि सखुवानन्कारकट्टीको कटैयाहुँदै भौरसम्म जोडिनेछ । विगतमा हिलो र खाल्डखुल्डीले आवागमन कठिन थियो। अब यो सडकले जनजीवनमा ठूलो परिवर्तन ल्याउनेछ ।'

कार्यक्रममा लक्ष्मीपुर पतारी वडा नं. ४ का वडाध्यक्ष अजय कुमार, जनता समाजवादी पार्टीका गाउँपालिका अध्यक्ष नागेन्द्र कुमार यादव, भगवानपुर गाउँपालिका पूर्व अध्यक्ष बेचन प्रसाद यादव, जसपा नेपालका जिल्ला उपसचिव इन्दल कुमार मण्डल र पूर्व वडा अध्यक्ष महेन्द्र प्रसाद यादव लगायतको उपस्थिति रहेको थियो ।

'लक्ष्मीपुर पतारी-पथलगाडा-भौर सडक स्तरोन्नति योजना' मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको निर्देशनमा पूर्वाधार विकास कार्यालय, सिरहाले कार्यान्वयन गरिरहेको छ । पथलगाडा स्कूलदेखि भौरको हनुमान मन्दिरसम्म फैलिएको यो सडक लक्ष्मीपुर पतारी-पथलगाडा-भौर सडक स्तरोन्नति उपभोक्ता समितिको नेतृत्वमा निर्माण हुँदैछ । समितिका अध्यक्ष सन्तोष कुमार बादवले भने, ' जनश्रमदान र स्थानीय सहभागिताले यो योजना पारदर्शी र गुणस्तरीय हुनेछ । हामी समयमै काम सम्पन्न गर्न प्रतिबद्ध छौं ।'योजनाको कुल लागत रु.२५,५६,५०७.८२ अनुमान गरिएको छ, जसमा रु. १,५६,५०७.८२ जनश्रमदान र बाँकी रु. २४,००,००० मधेश प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

# भ्रष्टाचार अभियोगमा पक्राउ परेका सांसद सिंह निलम्बित

**जनकपुरधाम/मस**– मधेश प्रदेशका सांसद सरोज कुमार सिंह कुशवाहालाई निलम्बन गरिएको छ । आफ्नो स्वकीय सचिव मार्फत उपभोक्ता समितिको खाताबाट रकम झिकेर निजी खातामा राख्न लगाएर आर्थिक अनियमितता गरेको भन्दै अख्तियारले उनलाई पक्राउ गरेपछि प्रदेशसभा सदस्यबाट निलम्बन गरिएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रदेशसभा सचिवालय पठाइएको निलम्बनसम्बन्धी पत्र सभामुख रामचन्द्र मण्डलले शुक्रबार प्रदेशसभामा पढेर सुनाएका हुन् ।



विशेष अदालत काठमाडौंबाट पक्राउ पुर्जी जारी भएपछि सिंहलाई बिहीबार काठमाडौंबाट आयोगको टोलीले पक्राउ गरेको थियो । जनता समाजवादी पार्टी (जसपा) नेपालको तर्फबाट सिंह महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ (२) बाट निर्वाचित भएका थिए ।

आफ्नो निर्वाचन क्षेत्रमा विभिन्न उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको खातामा दाखिला भएको रकम निजी सचिव विनोदलाल कायस्थ मार्फत निजी खातामा जम्मा गर्न लगाएको अख्तियारको ठहर छ । उनका सचिव कायस्थ महोत्तरीबाटै केही दिनअघि पक्राउ परेका थिए। मधेश प्रदेशसभामा १ सय ७ जना सांसद थिए। जसमध्ये ३ जना सांसद निलम्बन भइसकेका छन्। यसअघि नेकपा एमालेका सांसद दिपेन्द्र ठाकुरमा माथि भ्रष्टाचार मुद्दा दर्ता भएपछि उनी पनि निलम्बनमा परेका हुन् ।

त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट निर्वाचित सांसद अभिराम शर्मालाई कर्तव्य ज्यान मुद्दामा अदालतले जन्म कैदको फैसला सुनाएपछि उनी निलम्बित भइसकेका छन् ।

# स्रोत नखुलेको नगदसहित युवक पक्राउ

**बारा/मस**– स्रोत नखुलेको १३ लाख नगदसहित प्रहरीले बाराको सिमराबाट शुक्रबार एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-१६ का २० वर्षीय सुरज कुशवाहा छन् ।



ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीको नेतृत्वमा रहेको प्रहरी टोलीले कुशवाहालाई सिमराको एयरपोर्ट रोडबाट पक्राउ गरेको हो । कुशवाहाले बोकेको झोलाबाट १३ लाख सात हजार पाँच सय रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार कुशवाहाको झोलाबाट १ हजार दरका १ हजार ६७ थान, ५ सय दरका ४ सय ८० थान र १ सय दरका ५ थान नोट बरामद गरिएको छ । झोलाबाट विभिन्न बिल, भौचर, कागजातहरू र सागर मनी ट्रान्सफर वीरगन्ज लेखिएको स्टाम्प समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

कुशवाहाले उक्त रकमको स्पष्ट स्रोत नखुलाएपछि हुण्डीको कारोबारको आशंका प्रहरीले गरेको छ। स्रोत नखुलाएका कारण हुण्डी कारोबारसम्बन्धी मुद्दामा अनुसन्धान सुरु गरिएको प्रहरीले जानकारी दिएको छ ।

# छत्रदेव गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० जेठ



छत्रदेव गाउँपालिका अर्घाखाँचीलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । गाउँपालिकाले हरेक क्षेत्रमा अब्बलता हासिल गर्ने क्रम अन्तर्गत तोकिएको उमेर समूहका बालबालिकाहरुलाई खोप सुनिश्चितता भएको भेटिएपछि जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख तथा खोप समन्वय समितिका संयोजक जिवनारायण कोइरालाले पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरेका हुन् । योसँगै छत्रदेव गाउँपालिका पूर्ण खोप सुनिश्चितता घोषणा हुने अर्घाखाँचीको पहिलो स्थानीय सरकार भएको छ ।

कार्यक्रममा पालिकालाई पूर्ण खोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख कोइरालाले छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठलाई हस्तान्तरण गरेका थिए । अर्घाखाँचीको छत्रदेव गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणासँगै जिल्लालाई घोषणाको कार्यले सार्थकता पाउन थालेको जनाउँदै आगामी दिनमा पनि खोपको कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्न आवश्यक रहेको समन्वय प्रमुख कोइरालाले जोड दिए ।

खोपले बालबालिकामा विभिन्न रोगबाट बच्ने प्रतिरोधात्मक क्षमता बढ्ने भएकाले खोप लगाउनका लागि अभिभावकलाई सचेत बनाउन सबैको भूमिका महत्वपूर्ण रहने छत्रदेव गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताए ।

गाउपालिका का ८ वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित गरिएपछि पूर्ण खोपयुक्त सुनिश्चित पालिका घोषणा गरिएको छत्रदेव गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले बताए । गाउँपालिकाले दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि हरेक वर्ष चैत महिना नियमित खोपको घरदैलो सर्वेक्षण गरी बैशाखमा खोज र खोप अभियान चलाएको प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बताए ।

घरधुरी सर्वेक्षणको प्रतिवेदनमा भेटिएका शुन्यदेखि १५ महिनाका २ सय ८९ जना १६ महिनादेखि २३ महिनासम्मका २१६ र २४ देखि ५९ सम्मका ६७८ जनालाई खोप लगाएको सुनिश्चिततापछि पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा प्रमुख तथा सूचना अधिकारी बुद्धि न्यौपानेले बताए ।

धर्म-संस्कृति

# बद्रीनाथको विकल्प बनेको बद्रीनारायण धाम

भगवान् बद्रीनारायण हिन्दु धर्ममा विष्णुको अवतार मानिन्छन् र सदैव मनभरी धार्मिक आस्था बोकेर बद्रीनाथ दर्शन गर्न भारतको उत्तराखण्डमा कयौँ नेपालीहरू धाउने गर्दछन् । तर, अब त्यो झन्झटबाट नेपालीहरू मुक्त भएका छन् किनकि, आध्यात्मिक वादमा मन शुद्धिको लागि नेपालमा नै बद्रीनारायण धाममा (बद्रीनाथ)को रूपमा विष्णु भगवानको दर्शन गर्न पाइने भएको छ...



■ खिमराज गिरी



बद्रीनाथ मन्दिर भारतको उत्तराखण्ड राज्यको चामोली जिल्लामा अवस्थित हिन्दुहरूको एक ऐतिहासिक पवित्र मन्दिरको रूपमा परिचित छ । जुन भगवान् विष्णुको एक अवतारको रूपमा चिनिन्छ। उक्त मन्दिर भारतको हिमालय क्षेत्रको गढवाल पर्वत श्रृंखला अलका नदीको किनारमामा करिब ३ हजार १३३ मिटरको उचाइमा अवस्थित छ । हिन्दुहरूको लागि अति महत्वपूर्ण मानिने ४ धाममध्ये बद्रीनाथ धाम पनि एक हो ।

उक्त मन्दिरको प्रतिकस्वरूप काठमाडौंको नागार्जुन नगरपालिका ७, रामकोटस्थित दहचोकमा पनि वाचन शिरोमणी स्व. नारायण पोखरेलको सम्झनामा उनका पुत्र पण्डित दिनबन्धु पोखरेल र स्थानीयको

> *काठमाडौंको उत्तर पश्चिमी भेगमा अवस्थित नागार्जुन नगरपालिका आफैंमा धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलको रूपमा परिचित ठाउँ हो । सोही नगरपालिकाको वडा नं.७ मा अति रमणीय स्थलको रूपमा रहेका केही स्थानहरू स्वीट्जरल्याण्ड पार्क, कालु पाण्डेको सालिक, इन्द्रदहका साथै कालु पाण्डेका सालिक नजिकबाट काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, नुवाकोट, धादिङ र गोर्खा गरी ७ जिल्लाहरू देखिन्छन्...*

सक्रियतामा 'नारायण पोखरेल प्रतिष्ठानको रूपमा बद्रीनारायण मन्दिर' स्थापना गरिएको छ। स्थानीयका अनुसार उक्त मन्दिर स्थापनाको लागि सोही स्थानमा बसोबास गर्ने नेपाल दशनामी समाज अन्तर्गत पर्ने गिरी समुदायले करिब २२ रोपनी जग्गा उक्त प्रतिष्ठानको नाममा ९९ वर्षको लागि लिजमा दिएका छन् । यसैअनुरूप गत २ वर्षदेखि उक्त मन्दिर निर्माणको लागि विभिन्न व्यक्तिहरूले पहल गरेका थिए । जसअनुसार करोडौं रुपैयाँ धार्मिक आस्था राख्ने व्यक्तिहरूबाट दानस्वरूप उठाइएको थियो भने सरकारी तवरबाट पनि केही सहयोग भएको पाइन्छ ।

यसै सन्दर्भमा गत वैशाख महिनाको १९ गतेदेखि २७ गतेसम्म नारायण पोखरेल प्रतिष्ठान बद्रीनारायण प्राण प्रतिष्ठा मूल समारोह समितिको आयोजनामा सोही स्थानमा नेपालकै नमुना बद्रीनारायण धामको ऐतिहासिक बद्रीनारायण प्राण प्रतिष्ठा धार्मिक कार्यक्रम सञ्चालन गरियो। उक्त धार्मिक कार्यक्रमको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए भने प्रमुख कथा वाचक पण्डित दीनबन्धु पोखरेल थिए । 'सनातनी गौरव, नेपाली शान, दर्शन गरौं, बद्रीनारायण धाम' भन्ने स्लोगन रहेको उक्त कार्यक्रम भव्य रूपमा सञ्चालन गरी समापन गरियो ।

यस्तो अमूल्य कार्यको लागि जग्गा उपलब्ध गराएर सहयोग गर्नुहुने सोही स्थानका सम्पूर्ण गिरी परिवार तथा अन्य समाजसेवीहरूको दान कर्मलाई धेरै दर्शनार्थीहरूले स्वागत गरेका थिए। वास्तवमा नेपालीहरूको मनमनमा अझै पनि धार्मिक आस्था रहिरहेको छ । नेपालका हरेक देवीदेवताका मठ तथा मन्दिरहरूमा एकादशी तथा विभिन्न समयमा कयौं नेपाली तथा विदेशीहरूको पनि घुइँचो देख्न पाइन्छ। भनिन्छ नि, जुन



व्यक्तिको मनभित्र धार्मिक आस्था रहन्छ उसको मन पवित्र भई उसको सोच्ने शक्ति पनि सदैव सकारात्मक रूपमा अगाडि बढिरहेको हुन्छ ।

वास्तवमा नेपालको सन्दर्भमा विभिन्न किसिमका देवीदेवताको मन्दिरहरूमध्ये बद्रीनारायण धाम पनि एक महत्वपूर्ण धार्मिकस्थलको रूपमा परिचित भएको छ र दर्शनार्थीको पनि निकै भीड देखिने उक्त मन्दिर निर्माण गर्नको लागि सहयोग गर्नुहुने रामकोटवासी तथा चापाको सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष रामकाजी गिरी तथा सदस्य सुदर्शन गिरीलगायत सम्पूर्ण गिरी परिवारको पनि महत्वपूर्ण योगदान रहेको छ । हुन त, नेपाली पत्रकारिता क्षेत्रमा युट्युबमा प्रसारण गरिने विविध समाचारको सत्यतामाथि नै समय समयमा प्रश्न चिन्ह खडा नभएका होइनन् किनकि उक्त समयमा एक युट्युब च्यानलबाट नुन छरिएको जग्गा दान दिइएको र बाँदर लड्ने भीरको प्रयोग गरिएको भनेर नकारात्मक टिप्पणीसहित आफ्नो भिउज बढाउने उद्देश्यले यस्ता समाचारहरू दिइएको थियो र उक्त समाचारको खण्डन गर्दै सोही युट्युब सञ्चालकलाई माफी पनि माग्न लगाइएको कुरा समाजसेवी स्थानीय सुदर्शन गिरीले जानकारी दिए ।

यसरी भगवान् बद्रीनारायण हिन्दु धर्ममा विष्णुको अवतार मानिन्छन् र सदैव मनभरी धार्मिक आस्था बोकेर बद्रीनाथ दर्शन गर्न भारतको उत्तराखण्डमा कयौँ नेपालीहरू धाउने गर्दछन् । तर, अब त्यो झन्झटबाट नेपालीहरू मुक्त भएका छन् किनकि, आध्यात्मिक वादमा मन शुद्धिको लागि नेपालमा नै बद्रीनारायण धाममा (बद्रीनाथ)को रूपमा विष्णु भगवानको दर्शन गर्न पाइने भएको छ । उक्त कार्यको लागि स्वर्गीय पण्डित नारायण पोखरेलका सुपुत्र पण्डित दीनबन्धु पोखरेलले आफ्ना बुबाको सम्झनामा त्यहाँका स्थानीय बासिन्दाको सहयोगमा उक्त पवित्र कार्यलाई अगाडि बढाएका थिए । जसले गर्दा सारा नेपाली जगतलाई धार्मिक आस्थाको रूपमा बद्रीनाथ धामको रूपमा भगवान् विष्णुको दर्शन गर्न पाइने भएकोले धार्मिक आस्थामा खुसीको कुरा थपिएको छ । बद्रीनारायणको पूजा गर्नाले मन, वचन र कर्म शुद्ध हुने धार्मिक आस्था रहेको छ। भारतको बद्रीनाथ धामको झझल्को दिनेगरी निर्माण गरिएको उक्त धाम श्रद्धालुहरूको लागि जीवनभरको लागि धर्म यात्राको एक हिस्सा मानिनेछ ।

काठमाडौंको उत्तर पश्चिमी भेगमा अवस्थित नागार्जुन नगरपालिका आफैंमा धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलको रूपमा परिचित ठाउँ हो । सोही नगरपालिकाको वडा नं.७ मा अति रमणीय स्थलको रूपमा रहेका केही स्थानहरू स्वीट्जरल्याण्ड पार्क, कालु पाण्डेको सालिक, इन्द्र दहका साथै कालु पाण्डेका सालिक नजिकबाट काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, नुवाकोट, धादिङ र गोर्खा गरी ७ जिल्लाहरू देखिन्छन्। उक्त स्थानमा मनकामना मन्दिर पनि रहेको छ। स्वीट्जरल्याण्ड पार्क वनभोज कार्यक्रमको लागि प्रसिद्ध स्थल हो । यसरी उक्त ठाउँमा पछिल्लो समय बद्रीनारायण धामको रूपमा मन्दिर स्थापना गरेपछि महत्वपूर्ण धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको रूपमा परिचित भएको छ। र, स्थानीय जनताहरूमा आर्थिक लाभ पनि प्राप्त गर्ने कुराहरूमा दुबिधा छैन ।

यसरी काठमाडौंको अति रमणीय ठाउँ जुन ऐतिहासिक गढीको रूपमा पनि चिनिन्छ, जहाँबाट पृथ्वीनारायण शाहले कीर्तिपुर आक्रमण गर्दा सैनिक मोर्चा पनि स्थापना गरेका थिए र आज पनि उक्त ठाउँमा ऐतिहासिक युद्धकोअवशेष पाउन सकिन्छ। पृथ्वीनारायण शाहले लडाइको दौरानमा कीर्तिपुर आक्रमण गर्दा रामकोटमा धेरै लामो समयदेखि बसोबास गर्दै आएका गिरी परिवारमध्येमा एक रामु गिरीको सरसल्लाहबमोजिम युद्ध मोर्चा बनाइएको र उनैको सहायताले युद्ध जित्न सफल भएको कुरा स्थानीय जानकारहरूको भनाई छ । तसर्थ उक्त ऐतिहासिक महत्वपूर्ण स्थलमा अवस्थित उक्त बद्रीनारायण मन्दिरको संरक्षण र संवर्द्धन गर्नु सरकार तथा हामी सबै नागरिकको कर्तव्य पनि हो ।

लघुकथा

# तेस्रो ठूलो विवाद



■ मानसिंह धामी

> *जेठाजु बखतेलाई पनि बयानको लागि बोलाइयो । रितु र उसको पोइ गुमाने वादी पक्षको भित्तो तिर उभ्याइएका थिए । रितुका पोइले भने दाइको नाम एक पटक पनि लिएन । तर, रितुले भने जेठाजुलाई दशै दिशाबाट दोष लगाइन्, 'भाइ मारा' जस्तो शब्द समेत पटक-पटक प्रयोग गरिन्...*

गाउँभरि हल्ला फैलियो । रितुले जेठाजु विरुद्ध फिराद गरी अरे, "बखतेले जबरजस्ती गऱ्यो अरे !"

सामुदायिक मेलमिलाप केन्द्रको सभामा मुद्दाको सुनवाइ चलिसकेको थियो । जेठाजु बखतेलाई पनि बयानको लागि बोलाइयो। रितु र उसको पोइ गुमाने वादी पक्षको भित्तो तिर उभ्याइएका थिए। रितुका पोइले भने दाइको नाम एक पटक पनि लिएन । तर, रितुले भने जेठाजुलाई दशै दिशाबाट दोष लगाइन्, 'भाइ मारा' जस्तो शब्द समेत पटक-पटक प्रयोग गरिन् ।

मेलमिलाप केन्द्रका अध्यक्षले रितुको अभियोग वा बयान सुनिसकेपछि बखते जेठाजु चाहीँलाई कुरा राख्ने पालो दिए ।

बखतेले कसैलाई पनि जबरजस्ती नगरेको बयान दिए। उनले पार्टीका इमानदार झोलेको कद कलमी, मानहानी र बदनामी गर्ने नियतले प्रेरित भई घरायसी रिसिबी वा मेरो प्रगतिको आरिसले जलेर माराविरुद्ध आफ्नै भाइ बुहारी प्रयोग गरिएको र षडयन्त्र गरिएको बताए ।

"सरकारी अनुदान यिनले दिने पनि होइन, यिनका भैँसीका तस्बिर मात्र खिचेको हुँ, विभागमा बुझाएको छु, भैँसी नै लुटेर विभागमा बुझाएका जस्तो अनर्गल प्रचार गरिएको छ, कुनै जबरजस्ती वा करणी सरणी केही छैन, यदि कुनै ठोस प्रमाण छ भने म झोलेको पेसाबाट नै संन्यास लिन्छु । कसैले भनेकै भरमा वा कसैलाई त्यस्तो लागेकै भरमा आरोपित गरिन्छ भने दुनियाँ कसरी चल्छ ?", बखतेले प्रतिप्रश्न गरे ।

रितुले झोलाबाट एक फोटो झिकिन् । तस्बिरमा ६ वटै भैँसी आफ्नै गोठमा चारो चपाइरहेका थिए ।

एक अलि अनौठो जस्तो कुरा के चाहिँ थियो भने बखतेको जस्तै कट्टु लगाएको पुरुष गोठबाट बाहिरिई रहेको देखिन्थ्यो ।

जुन बखतेले अर्कै प्रयोजनको लागि रितुका भैँसीहरूको फुटो खिची भागेको बुझियो ।

रितुका भैँसीका फोटा देखाएर भैँसी पालक किसानको अनुदान हात पार्नका लागि बखतेले रितुलाई सोध्दै नसोधी खिचेको बुझिन् आयो । रितुलाई रिस उठ्नुको खास कारण त्यही हुनाले यो कचहरी भएको पनि बुझिन्छ।

बखतेले गरेको भनेको यत्ति मात्र देखिन्छ। मामिलालाई तोड मरोड क-कसले किन गऱ्यो ? दैव जानोस् !

रितुले पनि जेठाजुले जबरजस्ती गऱ्यो मात्र भनेको छ । करणी किटानीको नाम दिएको छैन ।

अध्यक्षले दुवैतर्फको बयान सुनिसकेपछि भने, "जबरजस्ती करणी नै भएको देखिँदैन तापनि रितुका जेठाजुको यो करणी वा कर्म जबरजस्ती करणी झैँ निन्दनीय भने अवश्य देखिन्छ । कुनै पनि पार्टीका झोलेको यस्तो कृत्यलाई जबरजस्ती करणी सरहको अनैतिक अपराध सरह मान्न सकिन्छ। किसानले पाउने पुरस्कार वा सरकारी पेवा रितुका जेठाजु जस्ता झोलेहरूले उछिट्याउनु भनेको पनि हाडनाता भित्र नै जबरजस्ती गरे सरहको अपराध ठहर्छ ।"

बखतेले सबैका अगाडि उपरान्तमा यस्तो नगर्ने प्रतिबद्धता गरे पछि यस पटकको लागि रितुले पनि बखतेलाई माफी दिनु पर्ने सभाको सुझाव सुनियो । जे होस्, गाउँघरको मामिला गाउँघरमै सुल्झ्याइएको यो तेस्रो ठूलो विवाद थियो ।

कविता

## सपना



सत्यजीत

सपना देखेको थिएँ
जहाँ रंगले मान्छे नछुटिने,
कुनै जात, धर्म, नक्साले
मानवताको मूल्य घट्ने छैन ।

जहाँ काबुलदेखि काठमाडौंसम्म
छोरीहरू किताब बोकेर हिँड्नेछन्,
र तेहरानका गल्लीमा
केटीको मुस्कान अपराध मानिने छैन ।

मैले सपना देखेको थिएँ -
जहाँ अफ्रिकाका कालो बालकहरू
'हाम्रो छालै श्राप हो' नबोलून्,
जहाँ अमेरिका र भारतका दलितहरू
मन्दिरको ढोकामा लात नखाउँन् ।

सपना देखेको थिएँ -
जहाँ यरूशलेम र गाजामा
बम होइन, बालकको हाँसो फुटोस्,
जहाँ युक्रेनमा बाँच्न पाउन युद्ध नहोस्,
र सिरियामा मान्छेले फेरि सपना देख्न पाओस् ।

तर अझै पनि -
कहिले 'गाईको हत्या' भन्दै मान्छे जलाइन्छ,
कहिले 'पैगम्बरको चित्र' भन्दै बन्दूक चलाइन्छ,
कहिले 'बोक्सी हो' भन्दै
आमाको छातिमा आगो सल्काइन्छ ।

सपना देखेको थिएँ -
जहाँ विज्ञान पूजा होस् र विवेक धर्म,
जहाँ स्कूलको झ्यालले ब्रह्माण्ड हेर्छ,
र मन्दिरको घण्टाले अन्धविश्वास होइन, चेत जगाओस् ।

अहिले पनि जब किताब च्यातिन्छ,
म यो संसारको निधारमा लाजको गहिरो छायाँ देख्छु ।
जब एउटा केटो 'नास्तिक' भनेर जेलमा थुन्छ,
म पुराना धर्मग्रन्थहरूको हिंसा सम्झिन्छु ।


सपना केवल मेरो थिएन -
यो ग्यालिलियोको सपना थियो,
मण्डेला, चे, मार्टिन लुथर किङ्गको सपना थियो,
यो क्रान्तिको निसासिएको सपनालाई
हामी पुनः ब्यूँझाउने छौं ।

सपना देख्नु अपराध हो भने -
सारा युगहरू अपराधी हुन् !
सपना सधैं नास्तिककै आँखा झल्किन्छ,
किनभने उनीहरू डराउँदैनन् प्रश्न गर्न ।

जबसम्म अन्धविश्वासको सीमा नाघ्दैनौ
सपना साँचो हुँदैन ।
जबसम्म अन्तिम शोषित मुक्ति पाउँदैन
क्रान्ति अधुरो रहन्छ ॥

कविता

## एक पागल प्रेमी



मञ्जरी

शहरको भिडमा उँधो लाग्दै,
ऊ हिँड्थ्यो तिमीलाई सम्झँदै ।
रातको तारा गन्दै गन्दै,
भुल्थ्यो उसले आफ्नो सास नै ।

न आँखामा निद्रा बाँकी थियो,
न सपनामा अरू रंग थियो ।
नाम तिम्रो लेखेर बादलमा,
आकाशसँग ऊ झगडिएको थियो ।

तिमीलाई देख्दा मुस्कान फेरि,
तर भित्र सधैं आँधीबेहरी ।
बोल्न नसकेका शब्दहरू,
उसको मौनतामा गुञ्जन्थे गहिरो गरी ।

तिमी भुल्यौ होला त्यो माया,
तर ऊ अझै पनि त्यही छाया ।
पानीजस्तै बग्ने उसको भावना,
किन बुझिएन तिमीलाई त्यो वेग र माया ?

उसले माया गऱ्यो–पागल झैं,
तर पागल नै थियो कि... साँचोमै स्नेह ?
संसारले हाँस्यो, तिमी पनि टाढा गयौ,
तर उसको मनमा तिमी कहिल्यै मरेनौ ।

# पोर्चुगलमा नेपालीको रेष्टुरेन्टलाई उत्कृष्ट अवार्ड

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ३० जेठ




प्रख्यात नेपाली सेफ टंक सापकोटाले पोर्चुगलमा सञ्चालन गरेको रेष्टुरेन्टले उत्कृष्ट अवार्ड प्राप्त गर्न सफल भएको छ । युरोपका उत्कृष्ट ५० पिज्जा रेष्टुरेन्ट अन्तर्गत सेफ सापकोटाले राजधानी लिस्बनमा सञ्चालन गरेको इटालियन रेष्टुरेन्ट 'फोर्नो दी ओरो' युरोपकै शिर्ष १० मा पर्न सफल भइ उत्कृष्ट अवार्डबाट पुरस्कृत भएको हो ।

रेष्टुरेन्ट शिर्ष १० को अवार्डसँगै 'परफर्मेन्स अफ द इयर २०२५-रोबो अवार्ड' गरी एकसाथ दुई अवार्डबाट पुरस्कृत भएको हो । 'फिफ्टी टप पिज्जा युरोप' ले स्पेनको राजधानी म्याड्रिडमा आयोजना गरेको कार्यक्रममा सापकोटालाई उक्त अवार्डबाट सम्मान गरिएको हो ।

प्रत्येक वर्ष प्रदान गरिने अवार्ड अन्तर्गत यस वर्ष 'युरोपको उत्कृष्ट १० औं पिज्जेरिया' र 'परफर्मेन्स अफ द इयर २०२५-रोबो अवार्ड' प्राप्त गरेको रेष्टुरेन्टका सञ्चालक सापकोटाले जानकारी दिए । 'फोर्नो दी ओरो' युरोपको उत्कृष्ट १०औं र पोर्चुगलको सर्वोत्कृष्ट रेष्टुरेन्ट बन्नसमेत सफल भएको उनले बताए ।

'एउटा नेपालीले सञ्चालन गरेको रेष्टुरेन्ट युरोपकै उत्कृष्ट १० भित्र पर्न सफल हुनु नेपाल र नेपालीका लागि गौरवको विषय हो', खुशी व्यक्त गर्दै सापकोटाले भने,'उत्कृष्ट १० को अवार्ड पाउने पोर्चुगलकै पहिलो रेष्टुरेन्ट बन्नु आफ्नो व्यावसायिक जीवन र इतिहासकै ठूलो उपलब्धि हो ।'

'फिफ्टी टप पिज्जा युरोप' एक अन्तरराष्ट्रिय गाइड हो, जसले हरेक वर्ष उत्कृष्ट पिज्जा रेष्टुरेन्टहरूको मूल्यांकन गर्दै शीर्ष ५० सूची सार्वजनिक गर्दछ । स्वाद, गुणस्तर, सेवा, वातावरण, परम्परागत पिज्जा निर्माणको शैली तथा ग्राहक सन्तुष्टिलगायतका मापदण्डहरूका आधारमा उत्कृष्ट रेष्टुरेन्टको मूल्यांकन तथा वर्गीकरण गर्ने गर्दछ ।

करिब २८ वर्षदेखि सपरिवार पोर्चुगल बस्दै आउनुभएका बागलुङ, दमेकका सापकोटाको राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चार रेष्टुरेन्ट सञ्चालनमा छन् । पाककलामा उत्कृष्ट कला कौशल प्रदर्शन गरेकै कारण उनले दर्जनौं 'अवार्ड' तथा पुरस्कारसमेत प्राप्त गरिसकेका छन् ।

केही महिनाअघि मात्रै इटालियन खानाको परम्परा, खानपानको शैली, खानाको स्वाद, व्यञ्जन र परिकारलाई समेटेर सापकोटाले निर्माण गरेका इटालियन खानासम्बन्धी वृत्तचित्र 'इटालीको स्वाद' पोर्चुगलमा सार्वजनिक गरिएको थियो ।

# पत्रकारमाथि आक्रमण गर्ने मेयरलाई कारबाहीको माग

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० जेठ



प्रेस चौतारी नेपाल रौतहट शाखाले कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवाललाई तत्काल कारबाही गर्न माग गरेको छ । रौतहट शाखाका अध्यक्ष अशोक कुमार पहाडीले एक विज्ञप्ति जारी गर्दै मेयर जयसवालले पत्रकार सागर संगम ठाकुरमाथि त्रिशक्ति बोर्डिङ स्कुलमा बोलाएर कुटपिट गरेको भन्दै कारबाहीको माग गरेका हुन् ।

पत्रकार ठाकुरले कटहरिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विषयमा फेसबुकमा कमेन्ट गरेका थिए, जसका कारण मेयर जयसवालले ठाकुर र अर्का पत्रकार रविन्द्र प्रजापतिलाई स्कुलमा बोलाएका थिए । त्यहाँ मेयरसँग आएका अन्य व्यक्तिहरूसँग मिलेर ठाकुरमाथि आक्रमण गरिएको थिए । कुटपिटका कारण पत्रकार ठाकुर गम्भीर घाइते भएका छन् र उनी अहिले गरुडास्थित एक निजी अस्पतालमा उपचार गराइरहेका छन् ।

पत्रकार रविन्द्र प्रजापतिले भने, 'कुटपिट मात्रै नभइ मेयरले हामीमाथि जथाभावी अपशब्द बोले । यसको अडियो सामाजिक सञ्जालमा भाइरल भएको छ ।'

अध्यक्ष पहाडीले विज्ञप्तिमार्फत भनेका छन्, 'यो अमानवीय आक्रमण प्रेस स्वतन्त्रता माथिको ठूलो हमला हो । प्रेस चौतारी रौतहट यसको घोर विरोध गर्दछ र मेयर जयसवाललाई कानूनी कारबाहीको दायरामा ल्याउन माग गर्दछ ।'

# गुठीचौर-४ बालमैत्री वडा घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३० जेठ



जुम्लाको गुठीचौर गाउँपालिका ४ लाई 'बालमैत्री' वडा घोषणा गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले निर्दिष्ट गरेका तहगत खुड्किला, मापदण्ड र ५१ वटा सूचक पूरा गरेकाले वडालाई पालिकाको पहिलो वडाका रुपमा घोषणा गरिएको हो । यस अघि सोही वडालाई बालविवाह मुक्त वडा घोषणा समेत गरिएको थियो ।

त्यस्तै बालबालिकाको बचाउ, संरक्षण, विकास, अर्थपूर्ण सहभागिता, अधिकारलाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया व्यवहारमा संस्थागत गरेकाले बालमैत्री वडा घोषणा भएको गुठीचौर गाउँपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखा प्रमुख सूस्मिता थापाले बताइन् । उनले भनिन्,'बालबालिकाको अधिकार कानुनी, सामाजिक, र नैतिक अधिकारहरूलाई कार्यान्वयन गर्नतर्फ लागेको छ ।' उनका अनुसार बालबालिकाको सुरक्षामा, स्वास्थ्यमा, शिक्षा र सर्वाधिकार विकासमा मद्दत पुग्नेछ ।

त्यस्तै हरेक बालबालिकाले स्वस्थ जीवन बिताउने र शारीरिक, मानसिक, र सामाजिक विकासको अवसर आउने उनीहरूको अधिकार भएको जिल्ला समन्वय समितिका प्रमुख गौरी नन्द आचार्यले बताए । उनले घोषणा पछि स्थानीय सरकारले प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरे ।

त्यस्तै गाउँपालिकाले विभिन्न गतिविधि गरेको गुठीचौर गाउँपालिका अध्यक्ष दान बहादुर बुढाले बताए । उनका अनुसार वैधानिक र कानुनी रुपमा स्थापित भएको बाल अधिकारलाई व्यवहारिक रुपमा अभ्यास, अनुभूति र प्रयोग भएको सुनिश्चित गर्न नेपाल सरकारले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यान्वयन कार्यविधि २०७८ र घोषणा कार्यविधि २०६९ जारी गरि बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरेको हो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले बालमैत्री स्थानीय शासन कार्यक्रमको अवलम्बन, तयारी, र घोषणाका प्रक्रिया र सूचकहरू निर्धारण गरेको उनको भनाइ छ ।

त्यस्तै बालमैत्री वडा घोषणको लागि किर्डाक नेपाल लगायतका संस्थाको महत्वपूर्ण भूमिका रहेको गाउँपालिकाका उपाध्यक्ष शान्ति कुमारीले मल्ल भण्डारीले बताइन् । उनका अनुसार बालबालिकाको क्षेत्रमा बजेट विनियोजन, शतप्रतिशत बालबालिका विद्यालय भर्ना, सबै विद्यालयमा छात्रछात्रामैत्री शौचालय, सबै बालबालिकालाई पूर्ण खोप, सबै घरमा शौचालय, सबै बालबालिकाको जन्म दर्ता लगायतका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने प्रावधान छ ।

त्यस्तै गुठीचौर गाउँपालिकाका ४का वडाध्यक्ष टिकादत्त न्यौपालेले स्थानीय सरकार बालबालिकाको विकासतर्फ लागि परेको बताए । उनले वडामा हुने हरेक गतिविधिमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न र अन्य वडाहरूलाई समेत प्रेरणा मिल्ने बताए ।

# दुर्गा मन्दिरको शिलान्यास



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३० जेठ

रौतहटको फतुवा बिजयपुर नगरपालिका -४ टेङ्गाहामा दुर्गा मन्दिरको शिलान्यास गरिएको छ । नगरपालिकाकी कार्यवाहक मेयर अम्बेया खातुनले विधिवत् पूजा पाठ गरी शिलान्यास गरेकी हुन् ।

टेङ्गाहामा दुर्गा मन्दिर नहुँदा स्थानीयबासीले आवश्यकताको महसुस गरेपछि नगरपालिका कार्यालयको आर्थिक सहयोगमा मन्दिर निर्माण थालिएको उपभोक्ता समितिको अध्यक्ष अजयकुमार यादव (मानजन)ले जानकारी दिए ।

वडाध्यक्ष सतिश कुमार यादव (गौरव)अनुसार दुर्गा मन्दिर निर्माणका लागि नगरस्तरिय बजेटबाट ३ लाख रुपैयाँ छुट्याइएको छ भने थप लाग्ने खर्च पनि पालिकाबाटै व्यवस्थापन गरिनेछ ।

शिलान्यास कार्यक्रममा पूर्व वडाध्यक्ष ब्रम्हानरायण यादव, लालबाबु यादव, लगायतको उपस्थिति रहेको थियो । दुर्गा मन्दिर निर्माणले धार्मिक आस्थाको प्रवर्द्धनसँगै स्थानीय समुदाय समन्वयलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ ।

# उदयपुरमा करेन्ट लागेर युवतीको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३० जेठ

उदयपुरमा करेन्ट लागेर एक युवतीको मृत्यु भएको छ । उदयपुरको बेलका नगरपालिका वडा नं ५ बस्ने १७ वर्षीय दुर्गा कार्कीको करेन्ट लागेर मृत्यु भएको हो । उनको आफ्नै घर छेउमा रहेको कुखुरा फर्ममा काम गर्ने क्रममा शुक्रबार बिहान करेन्ट लागि छटपटाइरहेको अवस्थामा आफन्तले देखेका थिए । तत्काल उपचारको लागि बेलका नगर अस्पतालमा लगिएकोमा डाक्टरहरुले मृत्यु भएको घोषणा गरेका जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । मृतकको शवलाई पोष्टमाटमको लागि नगर अस्पताल बेल्टार पठाइएको छ । सो घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीको जनाएको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०५/१० मा दर्ता भएको **प्रा. लि. नं. ९०२५** को **भेनस ओभरसिज प्रा. लि.** को मिति २०८२/०१/१३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०५/३० मा दर्ता भएको **प्रा. लि. नं. ६६२२०** को **स्वाभिमान जैविक प्रा. लि.** को मिति २०८२/०२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०४/२३ मा दर्ता भएको **प्रा. लि. नं. २३९९९०** को **यती हिमालयन वाटर प्रा. लि.** को मिति २०८२/०२/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**


## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मितिः २०८२।०२।३१**

प्रस्तुत बिषयमा मिति २०८२।०१।२२ गते यस कार्यालयबाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट तपशिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ SBQ/03/081/082 | Procurement of supply & delivery Ultra Sanitary Pad for Chaurjahari MunicipalityRukum West | BN Enterprises, Birendranagr, Karnali Province, Nepal | 11,30,924.34 NPR |


## युएईमा रोजगार

कम्पनी: **Focus Power Security Services LLC** — शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८२/०२/३० — चलानी नं.: ६०२३९५२६ — LT. No.:325542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 10 | 0 | | 1000 | ३७,२१० | | | | | | | |

कम्पनी: **MAZARI CONTRACTING L.L.C** — शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८२/०२/३० — चलानी नं.: ६०२३९५२५ — LT. No.: 325543

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AIR CONDITIONING | 2 | 0 | स. काममा दक्ष | 1300 | ४८,३७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Air conditioning mechanic asst | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 3. | ASSISTANT TILE LAYER | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 4. | Brick Layer | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 5. | BRICK MASON / MASON | 1 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 6. | Carpenter | 4 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 7. | ELECTRICAN | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 8. | Electrician Assistant | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 9. | Maintainance M | 2 | 0 | | 1100 | ४०,९३१ | | | | | | | |
| 10. | Painter | 4 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 11. | Pipe Fitters | 2 | 0 | | 1300 | ४८,३७३ | | | | | | | |
| 12. | Plumber | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 13. | Plumber Assistant | 1 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 14. | Tile Layer | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 15. | TILE POLISHER | 2 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

## युएईमा रोजगार

कम्पनी: **HEIGHT RIDER TECHNICAL SERVICES L.L.C** — शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/३० — चलानी नं.: ६०२३९५२८ — LT. No.: 325583

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BRICK MASONS | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 2 | 0 | | 900 | ३३,४८९ | | | | | | | |
| 3. | Construction Carpenter | 7 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 4. | Electrician Assistant | 4 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 5. | Painter | 1 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 6. | Pipe Fitter | 4 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 7. | TILE LAYER.. | 6 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |
| 8. | TILE POLISHER | 4 | 0 | | 1200 | ४४,६५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

## Malaysia मा रोजगार

**Infinite Capacity Sdn. Bhd.**
पूर्व स्वीकृती मिति: २०८२/२/३० — चलानी नं. ६०२३९५१४ — LT No.: 325618

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Labour | 30 | 0 | [illegible] | 1700 | ५५,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ असार ७ र ८ गते (21 & 22 June, 2025) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ ।**

**WIN RECRUITMENT PVT. LTD.**
Gov. Lic. No 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267

## साउदीमा रोजगार

कम्पनी: **ABDULLAH I. AL-MUNIEF EST FOR TRADING & TRANSPORTATION** — शहर: KSA
पूर्व स्वीकृत मिति: २०८१/०३/१८ — चलानी नं.: ६०२२१७७८ — L.T. No.:306984 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 40 | 0 | स. काममा दक्ष | 1800 | ६५,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशाला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

## साउदीमा रोजगार

कम्पनी: **ALLIANCE WATER COMPANY FOR OPERATION AND MAINTENANCE** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०२/३० — चलानी नं.: ६०२३९५२१ — L.T. No.: 325531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 10 | 0 | स. काममा दक्ष | 1800 | ६५,५७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार ८ गते (22 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Space Overseas Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १११/०५४/०५५
Budhanilkantha, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com

## ओमन र युएईमा रोजगार

कम्पनी: **SUMAYA AL JAHWARI TRADING PROJECTS** — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ — चलानी नं.: ६०२३०६९० — L.T. No.:316431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MAKER UP | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६०,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MANICURIST | 0 | 1 | | 170 | ६०,३४४ | | | | | | | |

कम्पनी: **ELITE FORCE PROPERTY GUARD & SURVEILLANCE SERVICES** — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०७/२० — चलानी नं.: ६०२२७५०३ — L.T. No.:313097 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# 'पुँजीको पहुँच र उद्यमीको विकासमा राष्ट्र बैंकले सहजीकरण गर्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ ।



नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले पुँजीको पहुँच र उद्यमीहरूको विकासमा राष्ट्र बैंकले सहजीकरण गर्ने बताएका छन् । आइएमई लिमिटेडद्वारा ललितपुरमा आयोजित २५ औं वार्षिकोत्सव समारोहमा गभर्नर पौडेलले हुण्डीबाट कारोबार भएर मानिसले पैसा नपाउने अवस्थामा आइएमई लिमिटेडले महत्त्वपूर्ण काम गरेको बताए ।

'आइएमईको यो योगदान धेरै ठूलो योगदान हो, देशका लागि धेरै ठूलो चुनौती लिएर काम गर्न सक्ने, रोजगारी र व्यावसायिक सम्भावना खोज्ने खालका व्यक्तिहरू आवश्यक छ,' उनले भने । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले विदेशमा भएको कमाई औपचारिक माध्यमबाट नेपालमा ल्याउन आइएमई सफल भएको भन्दै आगामी दिनहरूमा राष्ट्र बैंकले जारी गर्ने नीति नियम तथा निर्देशन पालना गर्न सक्षम हुने विश्वास व्यक्त गरे ।

आइएमई ग्रुपका संस्थापक अध्यक्ष एवं उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विश्वास नै नभएको अवस्थामा विदेशी रेमिटेन्स स्वदेश ल्याउन सफल भएको बताए । उनले इमानदारीपूर्वक लागेर काम गर्दा असम्भव काम पनि सम्भव हुन पुगेको उल्लेख गर्दै सरकारको प्राथमिकता, आम नागरिकको आवश्यकता र व्यावसायिक उद्यमीलाई आइएमईले महत्त्व दिएर काम गर्ने बताए ।

आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकालले सन् १९९४ देखि १९९८ सम्म जापानमा बस्दा नेपालमा पैसा पठाउन भोगेको समस्याले गर्दा आइएमई अभियानको सुरुआत भएको बताए । आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले २५ वर्ष अगाडिको जटिल परिस्थितिमा देशको आवश्यकतालाई बुझेर रेमिटेन्स सेवा सुरु गरेको बताउँदै नागरिकको गुणस्तरीय जीवनमा समेत योगदान पुऱ्याएको बताए ।

# विश्व बैंक समूहको 'कन्ट्री पार्टनरसीप फ्रेमवर्क फर नेपाल' सार्वजनिक



**काठमाडौं/मस** – विश्व बैंक समूहले 'कन्ट्री पार्टनरसीप फ्रेमवर्क फर नेपाल' (२०२५-२०३१) सार्वजनिक गरेको छ । आगामी ६ वर्षका लागि नेपालमा विश्व बैंक समूहको प्रस्तावित रणनीतिक साझेदारी तथा सहकार्यको योजनासहित फ्रेमवर्क ल्याइएको हो ।

शुक्रबार एक औपचारिक कार्यक्रमबीच उक्त फ्रेमवर्क सार्वजनिक गरिएको हो। कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले फ्रेमवर्लले नेपालको १६औं योजनासँग मेल खाने र नेपालको संरचनात्मक आर्थिक रूपान्तरणमार्फत् विकास, सुशासन, सामाजिक न्याय तथा समृद्धिका लागि आवश्यक मार्गचित्र प्रस्तुत गर्ने गरी तयार पारिएको बताए । यसले समावेशी आर्थिक वृद्धि, उत्पादनशील रोजगारी, प्रतिस्पर्धात्मकता अभिवृद्धि, दिगो सामाजिक सुरक्षा र जलवायु उत्थानशीलताजस्ता नेपालका प्रमुख प्राथमिकतालाई समर्थन गर्ने अर्थमन्त्री पौडेलको भनाइ थियो ।

फ्रेमवर्क सार्वजनिक कार्यक्रममा विश्व बैंक समूहका प्रबन्ध निर्देशक वेनचाई झाङले आन्तरिक रोजगारी सिर्जना गरी आर्थिक वृद्धि हासिल गर्ने र प्राकृतिक प्रकोपप्रति सहनशीलता, जलवायु परिवर्तनद्वारा सिर्जित जोखिम न्यूनीकरणजस्ता विषयलाई प्राथमिकतामा राखेर यो फ्रेमवर्क ल्याइएको बताए। यो फ्रेमवर्कका योजना तथा कार्यक्रम नेपालको १६औं आवधिक योजना (आव २०८१/८२-२०८५/८६) सँग समन्वय हुने गरि ल्याइएको उनको भनाइ थियो ।

नेपालको विकास आवश्यकता समेतलाई हेरेर १६औं योजनासँग समन्वय हुने गरी विश्व बैंकले यो फ्रेमवर्क ल्याएको छ । 'देशको विकास लक्ष्य र आवश्यकताअनुसार रोजगार सिर्जना गर्ने, दिगो आर्थिक वृद्धि, चरम गरिबी अन्त्य, दिगो पूर्वाधार विकासजस्ता विषयलाई फ्रेमवर्कले प्राथमिकतामा राखेको छ', प्रबन्ध निर्देशक झाङले भने।।

त्यस्तै, अन्तरराष्ट्रिय वित्त निगम (आइएफसी) का दक्षिण एसिया क्षेत्रीय निर्देशक इमाद फाकुरीले नेपालको हकमा आर्थिक विकास र प्रवर्द्धनका लागि निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने र व्यवसाय गर्ने वातावरण सहज बनाइनुपर्ने धारणा राखेका थिए ।

# हिमालयन एभरेष्टद्वारा रक्तदान कार्यक्रम सम्पन्न



**काठमाडौं/मस** – हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडले विश्व रक्तदाता दिवसको अवसर पारेर आयोजना गरेको रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । कम्पनीको मुख्य कार्यालय बबरमहल, काठमाडौंमा आयोजित उक्त कार्यक्रममा कम्पनीका कर्मचारी, बीमितवर्ग र सेवाग्राहीहरू गरेर ३३ जनाले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा फ्रन्टलाइन अस्पतालले क्लिनिकल तथा चिकित्सकीय सहयोग उपलब्ध गराएको थियो । उक्त कार्यक्रममा सहभागी सबै रक्तदाताहरूलाई धन्यवाद स्वरूप प्रमाणपत्र प्रदान गरिएको थियो । हिमालयन एभरेष्ट इन्स्योरेन्सले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूमा निरन्तर सक्रियता राख्ने जनाएको छ ।

कम्पनीले विश्व रक्तदाता दिवसको अवसरमा आयोजना गरेको यो कार्यक्रमले समुदायिक स्वास्थ्य सेवामा योगदान पुऱ्याएको छ । रक्तदान जस्ता मानवीय कार्यक्रमहरूमा निजी क्षेत्रको सहयोगले समाजका जरुरत रहेका व्यक्तिहरूलाई सहायता पुग्ने अपेक्षा गरिएको छ ।

# बैंकिङ क्षेत्र सुधारका लागि सुझाव कार्यदल गठन



**काठमाडौं/मस** – नेपाल राष्ट्र बैंकले बैंकिङ क्षेत्र सुधारका लागि सुझाव कार्यदल गठन गरेको छ । राष्ट्र बैंकले बैंकिङ क्षेत्रको समग्र सुधार र सुदृढीकरणका लागि सुझाव पेश गर्न डा. रेवतबहादुर कार्कीको सुझाव कार्यदल गठन गरेको हो ।

कार्यदलको सदस्यमा भुवनकुमार दाहाल र नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय नियमन विभाका कार्यकारी निर्देशक सदस्य सचिव रहेका छन् । उक्त कार्यदलले एक महिनाभित्रमा सुझाव दिनेगरी समयावधि तोकिएको राष्ट्र बैंकले जनाएको छ । कार्यदललाई विभिन्न ६ वटा बुँदामा सुझाव दिनुपर्ने भन्दै जिम्मेबारी पनि तोकिएको छ ।

राष्ट्र बैंकले बैंकिङ क्षेत्र सुधारको लागि सुझाव कार्यदल गठन गरेको विषयलाई बैंक तथा वित्तीय संस्था परिसंघ (सीबीफीन)ले स्वागत गरेको छ । सीबीफीनले शुक्रबार एक विज्ञप्ति जारी गर्दै राष्ट्र बैंकको उक्त कदमको स्वागत गरेको हो ।

'नेपालको बैंकिङ इतिहासमा पहिलो पटक बैंकिङ क्षेत्रको सुधारमा केन्द्रित रहेर राष्ट्रियस्तरमा उपसमितिको गठन गर्नु ऐतिहासिक कदम भएको सिबिफिनको निष्कर्ष रहेको छ', सीबीफीनले विज्ञप्तिमा उल्लेख गरेको छ ।


कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
( नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था )

## Rates of Interest

**Effective From Ashad 01, 2082 (15 June, 2025)**

| S.N. | Deposit Types | Rates (%) Per Annum |
|---|---|---|
| 1 | **Saving Deposit :** | |
| | Hamro Bachat Khata | 3.00 |
| | General Savings | 3.00 |
| | Bal Surakchya Bachat Khata | 4.00 |
| | Chetanshil Nari Bachat | 4.00 |
| | Kirshak Bachat | 4.25 |
| | Shareholder Bachat | 4.50 |
| | Sambriddhi Bachat | 4.51 |
| | Ba Ama Bachat | 4.76 |
| | ADBL Platinum Savings | 4.76 |
| | Karmachari Nibritibharan Bachat | 4.00 |
| | Social Security Special Saving | 4.00 |
| | Purbakarmachari Samman Bachat | 4.76 |
| | Sabai Nepali Ko Bachat | 3.75 |
| | ADBL Salary Account | 4.75 |
| | Payroll Bachat | 4.75 |
| | Corporate Payroll | 4.75 |
| | Matribhumi Savings | 5.76 |
| | Remittance Savings | 5.76 |
| | USD | 2.75 |
| | EURO | 2.75 |
| | POUND STERLING (GBP) | 2.75 |
| 2 | **Fixed Deposit :-** | |
| 2.1 | **Institutional (Including Bidding):** | |
| | Six Months | 3.00 |
| | One Year | 3.00 |
| | Two Years | 3.00 |
| | Above Two Years | 4.45 |
| 2.2 | **Individual :** | |
| | **General FD** | |
| | Three Months | 3.00 |
| | Six Months | 3.00 |
| | One Year | 3.50 |
| | Two Years | 4.00 |
| | Three Years and Above | 5.45 |
| | **ADBL Remittance FD*** | 4.00 to 6.45 |
| | **ADBL Special FD** | 4.76 |
| | **Mero Khusi Mero Bhawisya FD** | 4.76 |
| | **Sewa Nibirtta Karmachari FD** | 4.76 |
| | **Lakhpati Karodpati Dhamaka Muddati Khata- Remittance** | 6.45 |
| | **Lakhpati Karodpati Dhamaka Muddati Khata-Normal** | 5.45 |
| | **Chori-Chora Jeevan Samunnat Khata** | 4.76 |
| | **ADBL Recurring Muddati Khata** | 5.45 |
| 2.3 | **Fixed Deposit USD** | |
| | Three Months | 4.00 |
| | Six Months | 3.90 |
| | Nine Months | 3.80 |
| | One Year | 3.70 |
| 3 | **Akchayakosh (Endowment Fund)** | 5.45 |
| 4.0 | **Call Deposits** | |
| 4.1 | Call Deposit LCY | 1.50 |
| 4.2 | Co-operative Call Deposit LCY | 1.50 |
| 4.3 | Call Deposit USD | 1.38 |
| 4.4 | Call Deposit EURO (EUR) | 1.38 |
| 4.5 | Call Deposit POUND STERLING (GBP) | 1.38 |
| 5.0 | NRN Deposit Accounts | |
| 5.1 | NRN Savings Accounts | |
| 5.1.1 | USD | 2.75 |
| 5.1.2 | Japanese Yen | 3.00 |
| 5.2 | NRN Fixed Deposit Accounts | |
| 5.2.1 | USD | 3.35 |
| 5.2.2 | Japanese Yen | 3.90 |

| S.N. | Loan Types | Premium on Base Rate (%) |
|---|---|---|
| 1 | Agro-Production Loan | upto 2 |
| 2 | Livestock Loan | upto 2 |
| 3 | Fish Farming | upto 2 |
| 4 | Sauliyatpurna Karja (Interest Subsidy Related) | upto 2 |
| 5 | Yuba Swarojgar Karja | upto 2 |
| 6 | Cold Storage Loan | up to2 |
| 7 | Agro- Tools Purchase Loan | upto3 |
| 8 | Saral Krishi Karja (Except Interest Subsidy) | upto 5 |
| 9 | Agricultural SMEs | |
| 9.1 | Term | Upto 2 |
| 9.2 | Working Capital | Upto 1 |
| 10 | Wholesale Lending | Upto2 |
| 11 | Industry, Processing and Mines Loan | Upto3 |
| 12 | Hydropower and other Alternative Energy Loan | Upto3 |
| 13 | Service Loan | Upto3 |
| 14 | Home Stay Service Loan | Upto3 |
| 15 | Tourism Service Loan | Upto2 |
| 16 | Business Loan | Upto3 |
| 17 | Household Loan | upto 5 |
| 18 | Employee Service Loan | Upto2 |
| 19 | **Overdraft Loan** | |
| 19.1 | Individual | upto 5 |
| 19.2 | Institutional | upto 5 |
| 19.3 | Overdraft Card | upto 5 |
| 20 | Saral Thekka patta Karja/Demand/ Contract Loan | Upto3 |
| 21 | Hypothecation Loan | Upto2 |
| 22 | Home Loan/House Purchase Loan | |
| 22.1 | Upto5 Years | Upto2 |
| 22.2 | >5 to 10 Years | Upto2 |
| 22.3 | > 10 to 15 Years | Upto3 |
| 22.4 | Above 15 Years | Upto 5 |
| 23 | Land Purchase Loan | Upto3 |
| 24 | Business Complex and Housing Loan | Upto3 |
| 25 | Education Loan | Upto2 |
| 26 | Hire Purchase Loan | Upto2 |
| 27 | Auto Loan | Upto2 |
| 28 | Loan Against Gold and Silver | Upto4 |
| 29 | Loan Against Fixed Deposit Receipt | Coupon RatePlus1.5% |
| 30 | Loan Against Government and Other Securities | Coupon Rate Plus 1.5% |
| 31 | Margin Lending Loan | Upto 2.50 |
| 32 | Consortium Financing | As per agreement |
| 33 | Bridge Gap Loan | As per agreement |
| 34 | TR Loan NPR | upto1 |
| 35 | TR Loan USD | SOFR Plus Premium |
| 36 | Pre-shipment Loan | Upto1 |
| 37 | Post shipment Loan | Upto1 |
| 38 | Reconstruction Loan | As Per NRB Provisions |
| 39 | Advance on Credit | Upto3 |
| 40 | Salary Account Loan/Professional Loan | Upto2 |
| 41 | Mortgage Loan | Upto3 |
| 42 | Foreign Employment Loan | Upto3 |
| 43 | Subsidised Bagmati Province Loan | As per the Agreement with Province Government |
| 44 | Subsidised Lumbini Province Loan | upto 2 |
| 45 | Subsidised Karnali Province Loan | upto 2 |
| 46 | Subsidised Sudur Paschim Province Loan | upto 2 |
| 47 | Bayabsay Jiban Rakshya Karja (Gandaki Province ) | Upto3 |
| 48 | Short Term Loan | upto 2 |
| 49 | Value Chains for Inclusive Transformation of Agriculture (VITA) Loans | |
| 49.1 | Agriculture and Forest | As per the agreement with IFAD |
| 49.2 | Fishery | As per the agreement with IFAD |
| 49.3 | Agriculture, Forest, and Beverage Production | As per the agreement with IFAD |
| 49.4 | Transportation, Storage, and Communication | As per the agreement with IFAD |
| 49.5 | Wholesale and Retail Business | As per the agreement with IFAD |

| S.N. | EMI Products | Fixed Interest Rate/ Annum (%) | Floating Rate Premium on Base Rate (%) |
|---|---|---|---|
| 1 | Agro tools | 10.65 | upto 2 |
| 2 | Home Loan | | |
| 2.1 | upto5 years | 10.15 | upto 2 |
| 2.2 | >5 to 10 years | 10.65 | upto 2.5 |
| 2.3 | >10 to 15years | 11.15 | upto 3 |
| 2.4 | >15years | 11.65 | upto 3 |
| 3 | House Purchase | | |
| 3.1 | upto5 years | 10.15 | upto 2 |
| 3.2 | >5 to 10 years | 10.65 | upto 2.5 |
| 3.3 | >10 to 15years | 11.15 | upto 3 |
| 3.4 | >15years | 11.65 | upto 3 |
| 4 | Land Purchase | 10.65 | upto 3 |
| 5 | Education Loan | 10.65 | upto 3 |
| 6 | Hire Purchase | 10.65 | upto 2.5 |
| 7 | Auto Loan | 10.65 | upto 2.5 |
| 8 | Salary Account Loan | 10.65 | upto 2.5 |
| 9 | Home Stay Service | 10.65 | Upto2.5 |
| 10 | Overdraft Individual | 10.65 | upto 5 |

**Notes:**
- Interest Rates on Loan and Advances (Floating Rates) shall be adjusted as per the change in average Base Rate of previous three months.
- *Remittance FDs shall be added 1% additional annual interest.
- Effective Base Rate for the month of Ashad 2082 could be obtained from our website www.adbl.gov.np.
- The Interest Rates (Fixed) for Endowment Fund (AkchyaKosh) shall be determined based on mutual agreement.
- The rates for FD with maturity over five years will be decided on mutual agreement.
- Interest Rates of working capital VITA Loans (Value Chains for Inclusive Transformation of Agriculture) will be as per the bank's own policy.
- Kindly contact our nearest branch or visit www.adbl.gov.np for further details.

# १५औं राष्ट्रपति रनिङ शिल्डमा बागमती च्याम्पियन




**काठमाडौं/मस–** बागमती प्रदेश १५औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ मा टिम च्याम्पियन भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा सम्पन्न प्रतियोगितामा बागमती कुल ३६ स्वर्णसहित टिम च्याम्पियन बनेको हो । बागमतीले तीन दिने प्रतियोगितामा ७ रजत र ११ कांस्य पदक जित्यो । यस प्रतियोगितामा एथलेटिक्समा सबैभन्दा धेरै २६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो । त्यसमा बागमतीले १२ स्वर्ण जित्दै टिम च्याम्पियन बन्न बलियो साथ दिएको हो ।

गत वर्षको च्याम्पियन सुदूरपश्चिम प्रदेश दोस्रो स्थानमा सीमित भयो । सुदूरपश्चिमले १४ स्वर्ण, २० रजत र १८ कांस्य पदक जित्यो । स्थानीय तहबाट नै छनोट गरी युवा प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले २०६३ सालदेखि हुँदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सात प्रदेशबाट कुल ६ सय ८६ खेलाडीले ६६ स्वर्ण, ६६ रजत र ९८ कांस्य गरी दुई सय ३० पदकका लागि प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगितामा लुम्बिनी प्रदेश तेस्रो भयो । यु-१८ वर्षमुनि उमेरसमूहका विद्यार्थीले प्रतिस्पर्धा गर्ने रनिङ शिल्डमा उसु, तेक्वान्दो, कराते, भलिबल, कबड्डी र एथलेटिक्स गरी कुल ६ खेलमा प्रतिस्पर्धा भएको थियो । लुम्बिनीले पाँच स्वर्ण, १३ रजत र १५ कांस्य पदक प्राप्त गऱ्यो । त्यसपछि गण्डकी चौथो, कर्णाली पाँचौं, मधेश छैटौं र कोशी प्रदेश पुछारमा रह्यो । गण्डकी र कर्णालीले समान चार स्वर्ण पदक प्राप्त गरे । गण्डकीले ११ रजत र १७ कांस्य तथा कर्णालीले ६ रजत र १९ कांस्य पदक जिते । मधेशले भने तीन स्वर्ण, दुई रजत र १० कांस्य जित्यो । कोशी प्रदेश भने स्वर्ण पदकविहीन बन्यो । कोशीले समान सात रजत र आठ कांस्य पदक जित्यो ।

टिम च्याम्पियन टोली तथा खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्य र सदस्यसचिव टंकलाल घिसिङलगायतले पुरस्कृत गरेका थिए ।

बागमती प्रदेशकी अनिशा थारुले १५औं केन्द्रिय राष्ट्रपति रनिङ खेलकुदअन्तर्गत एथलेटिक्सको छात्रा ट्रिपलजम्पमा शुक्रवार नयाँ जुनियर राष्ट्रिय कीर्तिमान बनाएकी छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा अनिशाले ११.२७ मिटर जम्प गर्दै कीर्तिमानी स्वर्ण जितिन् । अनिशाले २०६४ सालमा केशरी चौधरीले बनाएको १०.८० मिटरको कीर्तिमान भंग गरेकी हुन् । लुम्बिनीकी पिन्जु चौधरीले रजत तथा कर्णालीकी सरिता शाही कांस्य पदक जिते ।

यससँगै तीन दिने प्रतिस्पर्धामा कुल ९ वटा जुनियर राष्ट्रिय कीर्तिमान बने । पहिलो दिन २, दोस्रो दिन चार र अन्तिम दिन तीन कीर्तिमान बनेका हुन् । शुक्रबार छात्रा ट्रिपलजम्पसहित छात्र/छात्राको ४ गुणा १ सय मिटर रिलेमा गरी तीन कीर्तिमान बने ।

शुक्रबार नै सम्पन्न फाइनलमा कबड्डीतर्फ छात्र र छात्रा दुवैमा बागमतीले स्वर्ण जित्यो । दुवै फाइनसमा बागमतीले लुम्बिनीलाई हराएको हो । छात्रामा सुदूरपश्चिम र कर्णाली तथा छात्रमा कोशी र मधेश प्रदेशले काँस्य पदक जिते ।

भलिबलमा भने छात्रमा गण्डकीले स्वर्ण, लुम्बिनीले रजत र सुदूरपश्चिमले कांस्य जित्यो । छात्रामा सुदूरपश्चिमले स्वर्ण, लुम्बिनीले रजत र गण्डकीले कांस्य पदक जितेका छन् ।

# स्कटल्याण्डमा हुने टी–२० सिरिजका लागि नेपाली टोलीको घोषणा

**काठमाडौं/मस–** स्कटल्याण्डमा हुने त्रिकोणात्मक टी–२० अन्तर्राष्ट्रिय क्रिकेट सिरिजका लागि नेपाल क्रिकेट संघ (क्यान) ले रोहित पौडेलको कप्तानीमा १६ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ ।

टीममा कप्तान पौडेलसहित उपकप्तान दिपेन्द्र सिंह ऐरी, आसिफ शेख, कुशल भुर्तेल, अनिल कुमार साह, भिम सार्की, बशीर अहमद, सन्दीप लामिछाने, करण केसी, ललित नारायण राजवंशी, नन्दन यादव, किरण ठगुन्ना, लोकेश बम, रुपेश कुमार सिंह र आरिफ शेख रहेका छन् ।

सिरिज यही जुन १५ देखि २० सम्म स्कटल्याण्डको डन्डी र ग्लासगोमा सञ्चालन हुनेछ । नेपालले पहिलो खेल जुन १६ मा नेदरल्यान्ड्स, दोस्रो खेल जुन १७ मा स्कटल्याण्ड, तेस्रो खेल जुन १९ मा पुन: नेदरल्यान्ड्स र अन्तिम खेल जुन २० मा पुन: स्कटल्याण्डविरुद्ध खेल्नेछ ।

यसअघिको लिग–२ सिरिजका क्रममा घाइते भएका दुई प्रमुख अलराउन्डर सोमपाल कामी र गुल्शन झा टोलीबाट बाहिरिएपछि क्यानले रिजर्भमा रहेका तीन खेलाडी किरण ठगुन्ना, लोकेश बम र रुपेश सिंहलाई शुक्रबार विहान स्कटल्याण्ड पठाएको छ । उनीहरु पहिलो टी–२० म्याचदेखि उपलब्ध हुने क्यानले जनाएको छ । क्यानका प्रवक्ता छुम्बी लामाका अनुसार सोमपालको कुहिनो र गुल्सनको घुँडामा चोट लागेकाले उनीहरु स्कटल्याण्डबाट फर्किइसकेका छन् ।


## काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/२/३१ गते

जिल्ला कैलाली मोहन्याल गाउँपालिका वडा नं ९ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कमपाउण्डमा घाटगद्दी गरी राखिएको साल १५५ थान गोलिया १६१७.२५ क्यूफिट, जम्मा १५६ थान गोलिया १६१७.२५ कू फिट काठ/दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण ब्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री शिवज्योती सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा नं. ९, कैलाली**

## पिआरो हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Kangaroo Human Resources Pvt. Ltd. (इजाजत पत्र नं. ९३८९/०७४/०७५)** मा **पिआरो पदमा** कार्यरत कर्मचारी **Tej Kumar Sanyasi, नागरिकता नं ५६०७०७०३६४७,** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

**Kangaroo Human Resources Pvt. Ltd.**
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882,4565885, 9802376740, 9801854401, E-mail: kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com
Govt. Lic. No. 1389/074/075



## कतारमा रोजगार

कम्पनी: SUNKEY MILLS | पूर्व स्वीकृत मिति: २०८२/०२/३० | चलानी नं.: ६०२३९५१२ | शहर: QATAR,DOHA | LT. No.:325569

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३७,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ ।**

